# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## हरिपुर नगरपालिका
## सर्लाही




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

प्रदेश नं.१ र [illegible] प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं. २२८

मिति: २०७७/३/३१

श्री नगर प्रमुखज्यू,
हरिपुर नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, सर्लाही ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन। त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन। स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २४ गते।

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**पत्र संख्या: २०७६/०७७**
**च.नं २२८**

मिति: २०७७।०३।३१

श्री नगर प्रमूख ज्यू,
हरिपुर नगरपालिका,
सर्लाही ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले हरिपुर नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. हरिपुर नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.६ करोड ५३ लाख ३४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड १९ लाख ७२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ५२ लाख ४२ हजार, नियमित गर्नुपर्ने रु.२ करोड, ६९ लाख २० हजार र पेश्की बाँकी रु.१२ लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०९/१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना छत्तिस (३६) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक
विन्दु विष्ट

# हरिपुर नगरपालिका
## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन
## २०७५।०७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत ९ वडा, ५० जना सभा सदस्य रहेका छन् । ६६.८६ व.की.मी.क्षेत्रफल ओगटेको यस पालिकाको जनसंख्या४२ हजार ७८३ रहेको छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम हरिपुर नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | नगरपालिका पुँजीगत (समानीकरण, राजश्व बाँडफाँड, आन्तरिक) | १४५,१४३,६०६.४२ |
| १.१ | नगद | | २ | नगरपालिका चालु (समानीकरण, राजश्व बाँडफाँड, आन्तरिक) | ५२,५४२,२३१.१४ |
| १.२ | वैंक | १०६,३१५,८३२.९८ | ३ | आ.व.२०७४।०७५ को शर्सत र हस्तान्तरित रकम फिर्ता | १३,६७०,३२०.०० |
| २ | आन्तरिक राजश्व | ६,३३४,०४७.८६ | ४ | **संघिय सर्शत अनुदान** | |
| ३ | अन्तर स्थानीय (लालबन्दी न.पा.बाट) | १,०००,०००.०० | ४.१ | आयुर्वेद तर्फ | २,०२६,२४०.२० |
| ४ | संघिय वित्तीय समानिकरण अनुदान | ११५,३००,०००.०० | ४.२ | कृषि तर्फ | २,७०५,५९५.९० |
| ५ | प्रदेश वित्तीय समानिकरण अनुदान | २,९४३,०००.०० | ४.३ | खेलकुद विकास कार्यक्रम | १००,०००.०० |
| ६ | संघिय राजश्व बाँडफाँड | ६०,७१७,०३५.६० | ४.४ | पशु तर्फ | १,४१२,४२०.०० |
| ७ | प्रदेश राजश्व बाँडफाँड | ९,८४९,६६९.९७ | ४.५ | महिला तथा वालवालिका कार्यक्रम | ५५५,४४१.०० |
| **८** | **संघिय सर्शत अनुदान** | | ४.६ | शिक्षा तर्फ | ६७,३७५,४२५.५३ |
| ८.१ | आयुर्वेद तर्फ | २,३१८,०००.०० | ४.७ | स्वास्थ्य तर्फ | २७,५६२,१००.५९ |
| ८.२ | कृषि तर्फ | ४,५३४,०००.०० | ४.८ | राष्टिय ग्रामिण तथा नविकरणीय कार्यक्रम | ५४३,५३२.०० |
| ८.३ | खेलकुद विकास कार्यक्रम | १००,०००.०० | ४.९ | समाज कल्याण कार्यक्रम | ३५,०००.०० |
| ८.४ | पशु तर्फ | १,५०६,०००.०० | ५ | प्रदेश सर्शत अनुदान | २,४२०,२७८.०० |
| ८.५ | महिला तथा वालवालिका कार्यक्रम | ६०४,०००.०० | ६ | स्थानीय पुर्वाधार विकास कार्यक्रम | १३,९९३,१६३.०० |
| ८.६ | शिक्षा तर्फ | १०५,२५९,०००.०० | ७ | जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.) | ४२,२९५,६००.०० |
| ८.७ | स्वास्थ्य तर्फ | २८,७५९,०००.०० | ८ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०४,८७५.०० |
| ८.८ | राष्टिय ग्रामिण तथा नविकरणीय कार्यक्रम | १,९८८,०००.०० | ९ | सडक वोर्ड नेपाल | - |
| ८.९ | समाज कल्याण कार्यक्रम | १३०,०००.०० | १० | तराई मधेश समृद्ध कार्यक्रम | ७,२९०,४३३.०० |
| ९ | प्रदेश सर्शत अनुदान | ३,३००,०००.०० | ११ | राष्टपति चुरे संरक्षण कार्यक्रम | ८,०२४,७५०.०८ |
| १० | स्थानीय पुर्वाधार विकास कार्यक्रम | १४,०००,०००.०० | १२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २,२२४,१४०.७० |
| ११ | जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.) | ४२,९९५,०००.०० | १३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १,३०१,६५४.०० |
| १२ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५,०००.०० | १४ | युनिसेफ तर्फ | ६६८,०४०.०० |
| १३ | सडक वोर्ड नेपाल | ९००,०००.०० | १५ | धरौटी फिर्ता | १,४४१,७५०.०० |
| १४ | तराई मधेश समृद्ध कार्यक्रम | ७,५००,०००.०० | १६ | सर्शत र हस्तान्तरित अनुदान रकम फिर्ता दाखिला | ३९,८४३,६२९.०० |
| १५ | राष्टपति चुरे संरक्षण कार्यक्रम | ८,४००,०००.०० | १७ | **मौज्दात** | |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | २,७२९,०००.०० | १७.१ | वैंक मौज्दात | १००,०६९,०३०.८५ |
| १६ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १,६५९,०००.०० | १७.२ | नगद मौज्दात | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | युनिसेफ को अनुदान | २,६६१,९२०.०० | १८ | धरौटी मौज्दात | ६,१४१,७३६.४३ |
| १८ | धरौटी | ७,५८३,४८६.४३ | | | |
| | **जम्मा** | **५३९,६९०,९९२.८४** | | **जम्मा** | **५३९,६९०,९९२.८४** |

**कैफियत**

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | **धरौटी मौज्दातः** | |
| १.१ | धरौटीको वैंक अनुसार मौज्दात | ६,१५५,७३१.४३ |
| १.२ | धरौटीको श्रेस्ता अनुसार मौज्दात | ६,१४१,७३६.४३ |
| १.३ | **फरक (वैंक बढी)** | **१३,९९५.००** |
| २ | **संचितकोष मौज्दात** | |
| २.१ | संचितकोषको वैंक अनुसार मौज्दात | १४०,०००,७७७.३५ |
| २.१ | फिर्ता गर्नुपर्ने सर्शत र हस्तान्तरित अनुदान रकम २०७६ श्रावणमा फिर्ता गरेको | ३९,८४३,६२९.०० |
| २.३ | **वैंक अनुसारको वास्तविक मौज्दात** | **१००,१५७,१४८.३५** |
| २.४ | **श्रेस्ता अनुसारको मौज्दात** | **१००,०६९,०३०.८५** |
| २.५ | **फरक (वैंक बढी)** | **८८,११७.५०** |

| बजेट उप–शीर्षकः– विभिन्न कार्यालयः– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्षः–२०७५।७६ | | |
|---|---|---|
| **दफा नं** | **भौचर, मिति र व्यहोरा** | **बेरुजु रकम** |
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ। तर नगरसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७५।०६।१५ गते मात्र स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था गर्ने तर्फ ध्यानाकर्षण गरिएको छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ :<br>● पूँजीगत तर्फ नगरपालिकाले यो वर्ष अन्तर्गतका ९ वटा वडा र नगरपालिका तर्फ गरि कुल २५७ योजनामा रु.९ करोड ८५. लाख ५१ हजार २२८ बजेट छुट्याएको छुट्याएको छ ।<br>● सशर्त अनुदानमा स्वास्थ्य, शिक्षा, कृषि र पशु विकासको लागि प्राप्त भएको रु.१३ करोड, ४६ लाख सोहि शीर्षकमा खर्च हुने गरी व्ययको अनुमान स्वीकृत गरेको छ ।<br>● समग्रमा नगरपालिकाले रु.५२ करोड, ३७ लाख ०६ हजार ८८३ को आय-व्ययको अनुमान गरेको देखिन्छ । चालु भन्दा पुजीगत शिर्षकमा बढी बजेट विनियोजन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय-व्ययको प्रक्षेपण २०७५।०६।१५ मा सभाबाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराउनु पर्ने व्यवस्था बमोजिम नै २०७५।०६।२२ मा अख्तियारी उपलब्ध गराएको देखिन्छ। | |
| ३. | **अन्तिम मौज्दातः** नगरपालिकाको २०७६ असार मसान्तको श्रेस्ता अनुसार रु.१,००,०६९,०३०.८५ हुनुपर्नेमा बैंक अनुसार रु.१,००,१५७,१४८.३५ देखिएकोले बैंक बढी भएको रु.८८,११७.५० एकिन गरी आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ। | |
| ४. | **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र | |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरेको छैन । नगरपालिकाद्वारा सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनुपर्ने देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन ।<br>• समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>• साना योजनाको छनौट र संचालनबाट योजनाको प्रशासनिक खर्चमा वृद्धि भई प्रभावकारी अनुगमन र मितव्ययीता कायम हुन सक्ने देखिएको छैन ।<br>• अधिकतम् लाभ र प्रतिफल प्राप्त हुने गरी योजनाको प्राथमिकीकरण र संचालनमा पर्याप्त ध्यान नदिएको अवस्था छ ।<br>• दरबन्दी अनुसार पदपूर्ती नहुँदा सेवा प्रवाहमा नकारात्मक असर परेको छ ।<br>• जिन्सी निरीक्षण समयमै नभएको र मर्मत तथा लिलाम गर्नुपर्ने सामानहरुको विवरण खुलाई जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन ।<br>• नगरपालिकाले राजश्व असुली कम्प्युटर प्रणालीबाट गरेको अवस्थामा सवै वडा कार्यालयहरुमा पनि कम्प्युटर प्रविधिबाट आन्तरिक आम्दानी संकलन गर्नुपर्नेमा कतिपय वडाहरुमा नगदी रसिदबाट संकलन भएको र संकलित राजश्व समयमै दाखिला भएको पाइएन । यसबाट हुनसक्ने सम्भावित जोखिमहरुमा कार्यालयको प्रर्याप्त ध्यान पुगेको देखिएन ।<br>• कार्यालयमा हेल्प डेस्कको उचित प्रवन्ध गरेको पाइएन । सेवाग्राहिहरु सेवा लिँदा आवश्यक कागजात तथा प्रक्रियाको सम्बन्धमा अलमल पर्ने गरेको पाईयो ।<br>• सुचनाको हकको व्यवहारिक कार्यान्वयन गर्न सुचना अधिकारी तोकेको पाइएन ।<br>• कार्यालय आयोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन ।<br>• खरिद योजना र खरिद गुरुयोजना तयार गरेको छैन ।<br>• जिन्सी तथा सरकारी सम्पतिको व्यवस्थापन प्रभावकारी रुपमा गरेको देखिदैन ।<br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ । | |
| ५. | **सेवा प्रवाहको स्थितिः** नगरपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयको प्रशासन फाँटबाट दिइएको जानकारीको आधारमा यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवा प्रवाह भएको देखिन्छ । सेवा प्रवाह अनुसार राजश्व यकिन गरी आम्दानी गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरणतर्फ** | |
| १ | जन्म दर्ता | विवरण पेश नभएको । |
| २ | मृत्यू दर्ता | |
| ३ | बसाईंसराईं दर्ता | |
| ४ | बिबाह दर्ता | |
| ५ | सम्बन्धविच्छेद दर्ता | |
| | **अन्य सिफारिस** | |
| ६ | घरबाटो सिफारिस | विवरण पेश |

**बजेट उप–शीर्षक:– विभिन्न  कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही ।  आर्थिक वर्ष:–२०७५।७६**

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ७ | नागरीकता सिफारिस | नभएको । |
| ८ | अन्य सिफारीस | |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| ९ | सडक पिसिसि ढलान  तथा नाला निर्माण (कि.मि.) | विवरण पेश नभएको । |
| १० | सडक मर्मत सम्भार र नयाँ ट्रयाक खोलिएको (कि.मि.) | |

६. **कानुन निर्माण र कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यो वर्ष नगरपालिकाले तर्जुमा गरेका १० वटा कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् । नगरपालिकाले पालिकाको लागि आवश्यक पर्ने अन्य ऐन, नियम, निर्देशिका समयमा नै तयार गरी पालिकाको कार्यसम्पादन व्यवस्थित तुल्याउनु पर्दछ ।

७. **स्रोत अनुमान तथा बजेट सीमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

८. **वजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । नगरपालिकाले विनियोजन गरेको आय-व्यय अनुमानको स्थिति निम्नानुसार देखिएको छ :

रु.हजारमा

| शीर्षक वाइज निकासा खर्चको स्थिति | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| **सि. नं.** | **कार्यक्रमको नाम** | **वजेट** | **निकासा** | **खर्च** | **वाँकी** | |
| १. | समानीकरण अनुदान | ११५३०० | ११८२४३ | १९५६८५ | | |
| २. | सशर्त अनुदान संघिय | १३४६०० | १४५१९८ | १०२३१६ | ४२८८२ | ३७६९० निकासा फिर्ता गरि ५१९२ बाँकी रहेको । |
| ३. | सर्शत अनुदान प्रदेश | ३३०० | ३३०० | २४२० | ८८० | निकासा फिर्ता गर्नुपर्ने |
| ४. | राजश्व वाँडफाँड | ७४१७४ | ७०५६७ | | | |
| ५. | स्थानीय पुर्वाधार विकास कार्यक्रम | १४००० | १४००० | १३९९३ | ७ | निकासा फिर्ता दाखिला गरेको । |
| ६. | जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.) | ४२९९५ | ४२९९५ | ४२२९५ | ७०० | निकासा फिर्ता दाखिला गरेको । |
| ७. | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५ | ३०५ | ३०५ | ० | |
| ८. | तराई मधेश समृद्ध कार्यक्रम | ७५०० | ७५०० | ७२९० | २१० | निकासा फिर्ता दाखिला गरेको । |
| ९. | राष्टपति चुरे संरक्षण कार्यक्रम | ८४०० | ८४०० | ८०२५ | ३७५ | निकासा फिर्ता दाखिला गरेको । |
| १०. | प्रधानमन्त्री रोजगार कार्यक्रम | २७२९ | २७२९ | २२२४ | ५०५ | निकासा फिर्ता दाखिला गरेको । |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११. | बहुक्षेत्रिय पोषण कार्यक्रम | १६५९ | १६५९ | १३०२ | ३५७ | निकासा फिर्ता दाखिला गरेको । | |
| | **जम्मा** | **४०४९६२** | **४१४८९६** | **७५४३४** | | | |

८.१. **साल तमाममा फिर्ता दाखिला गर्नुपर्ने रकमः** नगरपालिकाले यस वर्ष प्रदेश सर्शत अनुदान अर्न्तगत रु.३३,००,०००.०० निकासा प्राप्त गरेकोमा रु.२४,२०,२७८.०० खर्च गरि रु. ८,७९,७२२.०० र संघिय सर्शत अनुदान अर्न्तगत विभिन्न कार्यक्रममा रु.१४,५१,९८,०००.०० निकासा प्राप्त गरेकोमा रु.१०,२३,१५,७५५.२२ खर्च गरि बाँकी रहेको रु.४,२८,८२,२४४.७८ मध्ये २०७६ श्रावणमा किासा फिर्ता दाखिला रु.३,७६,९०,२४४.७८ मात्र गरि बाँकी रहेको रु.५१,९२,०००.०० गरि नगरपालिका संचितकोष बाँकी रहेको रु.६०,७१,७२२.०० संघिय र प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने देखिएको सम्वन्धमा छलफल गर्दा एक पटक मात्र अनुदानको रुपमा प्राप्त हुने रकम भएकोले संचित कोषमा राखेको कार्यालयले जनाएको छ तर सो सम्वन्धी प्रमाण पेश नभएकोले प्रमाण पेश नभएमा दाखिला गर्नुपर्ने रु ...... ६०,७१,७२२.०

९. **वित्तीय प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगरस्तरीय तथा वडास्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयबीच तादाम्यता मिलाई वित्तीय र भौतिक प्रगति समेत देखिने गरि प्रगति विवरण तयार गर्नुपर्दछ ।

१०. **धेरै योजना**:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएको देखिएको छ । योजनाको संख्या धेरै हुंदा कार्यालयको जनशक्ति वर्षैभरी योजना व्यवस्थापनमा लाग्नु पर्ने तथा प्राविधिक कर्मचारीलाई कार्यसम्पादनमा कठिनाई भई त्यसको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । योजना छनौट र सम्झौता गर्दा सम्पन्न गर्नुपर्ने मिति स्पष्ट किटान गरि समयमै सम्पन्न गर्नुपर्नेमा कतिपय योजनाहरु गत विगत आ.व.का यस आ.व.मा अल्या भएका छन् । समयमै आयोजना सम्पन्न गर्न नसक्दा कार्यालयको कार्यसम्पादन स्तर सकारात्मक देखिदैन र अपेक्षित उपलब्धी हासिल नभई Time over run र cost over run भएको देखिन्छ । यस सम्बन्धमा पालिकाको ध्यान जानुपर्ने देखिएको छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार देहाय वमोजिमको योजनाहरु सम्झौता भइ सम्पन्न भएका छन् ।

| सि.नं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | ५० हजार सम्मको | १५ |
| २ | ५० हजार देखि १ लाख सम्मका | २९ |
| ३ | १ देखि २ लाख सम्मका | ५० |
| ४ | २ देखि ३ लाख सम्मका | ४० |
| ५ | ३ देखि ४ लाख सम्मका | २० |
| ६ | ४ देखि ५ लाख सम्मका | २५ |
| ७ | ५ देखि १० लाख सम्मका | ३३ |
| ८ | १० लाख भन्दा माथिका | ४५ |
| | **कुल जम्मा** | **२५७** |

११. **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा नगरप्रोफाइल तयार गरेको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ ।

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |
| १२. | **कार्यक्रम तथा योजना संशोधन** - आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने व्यवस्था छ । नगरपालिकाको २०७५।०३। गतेको सभावाट स्वीकृत नगरस्तरिय तथा वडा नं. १ देखि ९ सम्म वडास्तरिय योजना मध्ये कतिपय योजना कार्यपालिकाको निर्णयबाट मर्जर तथा संशोधन गरी कार्यगरेको देखिन्छ । योजना मर्जर गर्ने, संशोधन गर्ने, छुट्याउने स्थितिले योजनाको आवश्यकता र प्राथमिकीकरण निर्धारण प्रक्रिया उपयुक्त देखिएन । काबुबाहिरको परिस्थिति सिर्जना नभई अघिल्लो सभाले स्वीकृत गरेको योजना कार्यपालिकाको निर्णयले परिवर्तन गर्नु उपर्युक्त होइन । अत: स्वीकृत योजना थपघट गरी संशोधन गर्ने स्थितिमा नियन्त्रण गर्नु आवश्यक छ । | |
| १३. | **योजनागत लक्ष्य प्रगति** - कार्यालयलाई प्राप्त अख्तियारीको सिमाभित्र रही वार्षिक लक्ष्य तथा कार्यक्रम बमोजिम प्रगति तयार गर्नुपर्दछ । लेखापरीक्षणमा उपलब्ध विवरण अनुसार नगरपालिकाले यस आ.व.२०७५।०७६ मा वडास्तरियतर्फ ९९ योजना तथा नगरस्तरियतर्फ ४१ योजना समेत कुल योजनामा रु.९ करोड ८५ लाख ५१ हजार २२८ बजेट विनियोजन गरेकोमा योजनागत लक्ष्य प्रगति लेखापरीक्षण्को क्रममा पेश नगरेबाट के कति योजना सम्पन्न भए र के कति योजनामा कुनै काम हुन नसकि प्रगति शुन्य रह्यो भन्ने एकिन भएन । आर्थिक वर्षको अन्त्यमा योजना सम्झौतागरी कार्य गर्ने प्रवृत्तीले समयमा कार्यसम्पन्न हुन नसकेको केहि योजनाहरु देखिन्छ । कार्यालयले शुन्य प्रगति तथा घटी प्रगति सम्बन्धमा सोको कारण पहिचान गरी लक्ष्य अनुरुपको प्रगति हासिल गर्न अग्रसर हुनुपर्ने देखिन्छ । | |
| १४. | **चौमासिक खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार वित्तीय समानिकरण अनुदान र सर्शत अनुदान लगायत अन्य शिर्षकमा प्रथम चौमासिकमा २०.९१ प्रतिशत अर्थात रु.१२ करोड ३३ लाख ५० हजार, दोस्रो चौमासिकमा २०.७४ प्रतिशत अर्थात रु.१२ करोड २३ लाख २६ हजार र तेश्रो चौमासिकमा ५८.३५ प्रतिशत अर्थात रु.३४ करोड ४१ लाख २४ हजार खर्च गरेको देखिएको छ । यसै गरी आषाढ महिनामा मात्र कुल खर्चको ३१.२७ प्रतिशत अर्थात रु.१८ करोड ४४ लाख ४३ हजार खर्च भएकोमा वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ । | |

| कार्यक्रम | कुल खर्च | चौमासिक | | | आषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोश्रो | तेश्रो | |
| वित्तिय समानिकरण | ६६६६३६६२.५८ | ० | ३५६५७५१.५६ | ६३०९७९११.०२ | ३०५१६८४६.८८ |
| चालु | २११०५३७९२.९५ | ५४६६२००६.९० | ४८५५३२४२.५१ | १०७८३८५४३.५४ | ६३७४२४४४.३२ |
| पुजीगत | १६७४७०७३३.४२ | २९१०८००६.९७ | २६०५३१६६.२० | ११२३०९५६०.२५ | ५९३३१२४६.८७ |
| सशर्त संघ | १०२३१५७५५.०३ | २६३४५०५१.२० | ३०९१८७२८.९५ | ४५०५१९७४.८८ | ३०८५२८२३.३२ |
| सा.सु | ४२२९५६००.०० | १३२३४८००.०० | १३२३४८०० | १५८२६०००.०० | १६६५७००० |
| **जम्मा खर्च** | ५८९७९९५४४.०० | **१२३३४९८६५.१०** | **१२२३२५६८९.२०** | **३४४१२३९८९.७०** | **१८४४४३३६१.४०** |
| **खर्च प्रतिशत** | | **२०.९१%** | **२०.७४%** | **५८.३५%** | **३१.२७%** |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १५. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले हालसम्म पनि आन्तरिक लेखापरीक्षण सम्वन्धी कानुन बनाएको देखिएन । कार्यालयमा | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्ष:–२०७५।७६ | | |
|---|---|---|
| **दफा नं** | **भौचर, मिति र व्यहोरा** | **बेरुजु रकम** |
| | आन्तरिक लेखापरीक्षक नरहेको र कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरि लेखापरीक्षण गरेको भनेता पनि आन्तरिक लेखापरीक्षणको प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश भएन । आन्तरिक लेखापरीक्षण नहुँदा अनियमितताको परीक्षण, श्रेस्ताको जोडजम्मा लगायतमा हुने आन्तरिक नियन्त्रण कमजोर भएको छ । अन्तिम लेखापरीक्षणबाट सम्पुर्ण श्रेस्ताको परीक्षण नुहने भएकोले अन्तिम लेखापरीक्षणबाट श्रेस्ताको पुर्ण आश्वस्तता प्राप्त गर्न सकिदैन । अतः आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र सक्षम बनाउनु पर्दछ । | |
| १६. | **नगरपालिकाको आन्तरीक आम्दानी तर्फः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ (२) मा स्थानीय तहले उठाएको राजश्व तथा आय बाट प्राप्त हुने रकम आफ्नो सञ्चित कोषमा दखिला गर्नुपर्ने व्यवस्था गरिएको छ । यस नगरपालिकाले आ.व. २०७५।७६ मा कर, सेवा शुल्क, दस्तुर बाट रु.६३,३४,०७८।८६ वार्षिक आम्दानी गरी नगरपालिका संचितकोषमा दाखिला गरेको देखिन्छ । | |
| १७. | **राजश्व परामर्श समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ (३) मा राजश्व परामर्श समितको बैठकमा सम्बन्धित क्षेत्रको विज्ञ तथा सरोकारवालाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने व्यवस्था गरेको छ । यस वर्ष राजश्व परामर्श समितिको बैठक आवश्यक्ता अनुसार बसेको देखिएन । नगरपालिकाको राजश्व परामर्श समितिले आफ्ना निर्णयहरु प्रभावकारी बनाउन परामर्श समितिको बैठक सञ्चालन कार्यविधी हालसम्म पनि बनाएको देखिएन । कार्यालयले कार्यविधि बनाउनतर्फ ध्यान दिनु पर्दछ । साथै विज्ञहरुलाई समेत निर्णय प्रक्रियामा सहभागी गराउने तर्फ ध्यान दिनु पर्दछ । | |
| १८. | **राजश्व अभिलेखः** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस कार्यालयले आ.व. ०७५।७६ मा बिभिन्न ९ वटा शिर्षकमा ६३,३४,०७८।८६ आम्दानी गरेको देखिन्छ भने कार्यालयले म.ले.प.फा.नं. २३ र १०८ को प्रयोग गरी अभिलेख व्यवस्थित गर्नुपर्नेमा गरेको देखिएन । यस्तो अवस्थामा अविलम्ब सुधार गर्नुपर्दछ । | |
| १९. | **नगरपालिका भित्र लाग्ने कर तथा सेवा शुल्क :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अर्न्तगत स्थानीय तहले विभिन्न कर तथा शुल्क लगाउन सक्ने व्यवस्था छ । आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १३ (१) ले जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयमा आन्तरीक रुपमा आम्दानी भएको राजस्व समयमा दाखिला भएको देखिदैन । अत कार्यालयले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| २०. | **रसिद बाँकी बिवरण:** नगदी रसिद प्रयोगको सम्बन्धमा गत वर्ष के कति बाँकी रहेको हो कार्यालयले अभिलेख राखेको देखिएन भने मालपोत तर्फको ११ वटा बाँकी रहेको अभिलेख छ । आर्थिक बर्ष ०७५।७६ मा सम्पती कर तर्फ ४९ वटा ठेली र नगदी रसिदतर्फ ६८ वटा ठेली छपाई गरेकोमा कति वटा ठेली कुन कुन वडामा पठाएको हो र कति ठेली बाट आम्दानी भई कति ठेली बाँकी रहेको कार्यालयलले अभिलेख व्यवस्थित गरि राखेको देखिएन । अत कार्यालयले वडा संग गएको रसिद एकिन गरी प्रयोग भएको रसिदबाट प्राप्त भएको सवै आम्दानी दाखिला गर्न एकिन गर्नु पर्ने देखिन्छ । | |
| २१. | **सङ्घीय विभाज्य कोष खडा गर्नुपर्ने :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ (१) मा नेपाल सरकार, प्रदेश र स्थानीय तह बिच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा ७ (२) मा उपदफा (१) बमोजिमको कोषमा रहेका रोयल्टीको बाँडफाँड नेपाल सरकारले अनुसुची-४, मा कुल रोयल्टी रकमको ५० प्रतिशत सङ्घीय सरकारमा र प्रदेश र स्थानीय तह लाई २५/२५ प्रतिशत विभाजन गर्नुपर्ने व्यवस्था गरेकोमा हरिपुर नगरपालिकाले हालसम्म पनि विभाज्य कोष खडा गरेको छैन । नगरपालिकाले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम संघीय विभाज्य कोष खडा गरी प्राकृतिक स्रोतको उत्खनन् तथा निकासी बापत असुल भएको आय उक्त कोषमा जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ । अत कार्यालयले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| २२. | **विद्युतीय लेखा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्ष:–२०७५।७६ | | |
|---|---|---|
| **दफा नं** | **भौचर, मिति र व्यहोरा** | **बेरुजु रकम** |
| | । नगरपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छ । | |
| २३. | **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । नगरपालिकाले ऐनको व्यवस्था वमोजिम कर्मचारी कल्याणकोष खडा गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २४. | **कन्टिजेन्सी खर्च** - आयोजना सञ्चालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकममध्ये निश्चित प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भुक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा कार्यालयले कन्टिन्जेन्सीको छुट्टै खाता राखी खर्च व्यवस्थित नगरेकोले कन्टिन्जेन्सी बापतको आम्दानी तथा खर्च रकम यकिन गर्न सकिएन । कन्टिन्जेन्सीको खाताको अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| २५. | **नगर गुरुयोजना तथा वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट एवं कार्यक्रम तय गरेको देखिएन । साथै वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । नगरपालिकाबाट ढल निर्माणको एकीकृत बहु वर्षे योजना समेत बनाएको देखिएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ । | |
| २६. | **सभाको निर्णय कार्यान्वयन -** मिति २०७५।३।३२ मा सम्पन्न नगरसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up Register अभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अतः तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ । | |
| २७. | **न्याय सम्पादन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृया सम्बन्धमा उल्लेख छ । नगरपालिका अन्तर्गतको न्यायीक समितिले उपलब्ध गराएको विवरण अनुसार विवाद, घरेलु हिंसा र विविध मुद्दाका १०५ उजुरी तथा निवेदन परेकोमा ६० उजुरी तथा निवेदन मेलमिलाप मार्फत फछ्यौट गरेको तथा ४५ उजुरी तथा निवेदन फैसला हुन बाँकी देखिन्छ । यस सम्बन्धमा न्यायीक समितिको वैठकले कुनै पनि उजुरी तथा निवेदनहरुमा निर्णय दिई फछ्यौट गर्ने अभ्यास नभएको व्यहोरा जानकारी भयो । ऐनको दफा ४९ मा स्थानीय तहले गर्ने न्यायनिरुपण सम्बन्धमा स्पष्ट व्यवस्था भएको अवस्थामा न्यायीक समितिले ऐनमा व्यवस्था भएको अधिकार कार्यान्वयनमा ल्याई समयमै न्याय सम्पादन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २८. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित कर्मचारी दरवन्दी ५२ रहेपनि स्थायी पदपूर्ति १४ मात्र भई ३८ पद रिक्त रहेका छन । ति मध्ये ३५ जना करारमा राखि कार्य संचालन गरिएको छ । रिक्त पदहरु पदपुर्ती गर्ने तर्फ कुनै कारवाही गरेको देखिएन । आवश्यक पदहरु पदपूर्ति गर्ने पहल गर्नु पर्ने देखिन्छ । कार्यालयले कार्यालय सहयोगी, स्वीपर, बगैंचे, चौकीदार, इलेक्ट्रीसियन लगायतका पदमा ३५ जना करारमा नियुक्ती गरि सेवाप्रवाह गरिरहेको विवरण पेश गरेको छ । | |
| २९. | **तलबी प्रतिबेदन -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष नगरपालिकाका सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरि रु.१,२६,६५,९६०.९० तलव | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्ष:–२०७५।७६ | | |
|---|---|---|
| **दफा नं** | **भौचर, मिति र व्यहोरा** | **बेरुजु रकम** |
| | भत्तामा खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन हुन सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ३०. | **सेवा करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगरपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ । नगरपालिकाले सेवा प्रवाहको लागि आवश्यक भएको भनी विभिन्न मितिमा सम्झौता गरी आई.टी.इन्जिनियर, सिभिल ईन्जिनियर, र सव-ईन्जिनियर सिभिल, अनमि, कार्यालय सहयोगि लगायत गरि २२ जना नियुक्ती गरेको पाइयो । नियुक्ती भएका मध्ये आई टी ईन्जिनियर LGCDP अन्तर्गत लिएको कार्यालयको भनाई रहेको छ । कार्यालयले वित्तीय समानिकरण अनुदानबाट भुक्तानी हुनेगरी ३५ जना कर्मचारीलाई करारमा राखि यो वर्ष रु.७७,४३,९७०.०० खर्च गरेको छ । करारका कर्मचारीलाई करार सेवामा कार्य गराउँदा सार्वजनिक खरिद नियमावली, २०६४ को सेवा करारमा लिने सम्बन्धी कार्यविधि नियम ९५ को पालना नभएकोले सो पालना गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३१. | **उपभोक्ताको कार्य:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरीका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उललेख छ ।<br>यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खेल मैदान निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । | |
| ३२. | **लेखा ढाँचाको प्रयोग नभएको**: नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि ऐन, २०५५ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSASs) बमोजिम फारामहर मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहमा फाराम विकास जस्कोमा महालेखापरीक्षकबाट स्वीकृत भएको छ । सो अनुसार सिर्जना गरिएका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागु गर्ने उद्देश्यले मिति २०७२।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको छ । जसअनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवस्था छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्ष:–२०७५।७६ | | |
|---|---|---|
| **दफा नं** | **भौचर, मिति र व्यहोरा** | **बेरुजु रकम** |
| | खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| | **वित्तीय समानिकरण अनुदान चालुतर्फः** | |
| ३३. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार ईश्वरपुर नगरपालिकाले देहाय बमोजिम रु.७५,६१,७८८.०० सुविधावापत भुक्तानी भएको छ । | |

| सि. नं | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३१ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३५००० | ३१००० | १९८००० | १५४००० | २१२१४९ | ६३०१४९ |
| २ | सञ्चार सुविधा (मासिक दरमा) | ० | ० | ० | ० | ० | ० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | ० | ० | ० | ० | ० | ० |
| ४ | खाजा भत्ता (मासिक) | ० | ० | ० | ० | ० | ० |
| ५ | पुस्तक पत्रपत्रिका (मासिक) | ० | ० | ० | ० | ० | ० |
| ६ | अनुगमन भत्ता (मासिक) | ० | ० | ० | ० | ० | ० |
| ७ | खानेपानी, बिजुली महसुल ( मासिक) | ० | ० | ० | ० | ० | ० |
| ८ | सरसफाई, मर्मत (मासिक) | ० | ० | ० | ० | ० | ० |
| ९ | अतिथि सत्कार (मासिक) | ० | ० | ० | ० | ० | ० |
| १० | यातायात खर्च (मासिक) | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा मासिक** | ३५००० | ३१००० | १९८००० | १५४००० | २१२१४९ | ६३०१४९ |
| | **जम्मा वार्षिक** | ४२०००० | ३७२००० | २३७६००० | १८४८००० | २५४५७८८ | ७५६१७८८ |

| | | |
|---|---|---|
| ३३.१. | प्रदेश नं २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ बमोजिम अनुसुचि १ बमोजिमको रकममा नबढ्ने गरि स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेबमोजिमको सुविधा तथा भत्ता भुक्तानी गर्नुपर्नेमा सभाबाट सुविधा सम्बन्धि दर तथा रकम पारीत नगरि सोझै बजेट विनियोजन गरि रु.७५,६१,७८८.०० भुक्तानी गरेको पाइएकोले अनियमित देखिएको रु………… | ७५,६१,७८८.० |
| ३३.२. | प्रदेश नं २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ८ बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवाबाट अवकास लिई त्यस्तो सरकार वा तहबाट निवृत्तिभरण पाई रहेको कुनै व्यक्ति पदाधिकारी वा सदस्य पदमा निर्वाचित भएमा निजले दफा ३ बमोजिमको मासिक सुविधा वा निवृत्तिभरण मध्ये एउटा मात्र रोज्न पाउने छ भन्ने व्यवस्था रहेकोमा नगरपालिकामा निर्वाचित भएका सदस्यहरुले सुविधा सम्बन्धमा स्वःघोषणा पत्र कार्यालयमा पेश गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको पुर्ण पालना हुनपर्दछ । | |
| ३३.३. | **स्वकिय सचिवः** प्रदेश नं २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ बमोजिम पदाधिकारीलाई स्वकिय सचिव राख्न पाउने सम्बन्धि व्यवस्था रहेको छैन । तर नगर प्रमुखको लागि १ जना स्वकीय सचिव मासिक रु.२३,५००.०० का दरले नियुक्ति गरि पोशाक भत्ता सहित रु.३,१५,५००.०० भुक्तानी गरेकोले ऐनको व्यवस्था विपरित भुक्तानी गरेको रकम नियमसम्मत मान्न नसकिएको रु…………. | ३,१५,५००.०० |
| ३३.४. | **उपचार खर्चः** कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई सेवा सुविधा भुक्तानी गर्दा प्रदेश नं २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ बमोजिम भुक्तानी गर्नुपर्दछ । तर कार्यालयले ऐनको व्यवस्था विपरित नगर उप प्रमुख रेणुका देवी काफ्लेलाई उपचार खर्च भनि रु.५०,०००.०० भुक्तानी गरेकोले ऐनको व्यवस्था विपरित भुक्तानी भएको रकम नियम सम्मत मान्न नसकिएको रु……….. | ५०,०००.०० |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्ष:–२०७५।७६ | | |
|---|---|---|
| **दफा नं** | **भौचर, मिति र व्यहोरा** | **बेरुजु रकम** |
| ३३.५. | **जनप्रतिनिधिलाई पुरस्कार रकम:** ४१३,०७६।३।२९ कार्यालयले कुनै पनि ऐन तथा कानुनमा स्थानीय तहका जनप्रतिनिधिहरुलाई पुरस्कार दिन सकिने व्यवस्था नरहेको अवस्थामा तपशिल बमोजिमका जनप्रतिनिधिहरुलाई पुरस्कार स्वरुप थप १/१ महिनाको पारीश्रमिकले हुने रु.३६,०००.०० उपलब्ध गराएको । नियमको विपरित भुक्तानी भएको पुरस्कार रकम आवश्यक प्रमाण नभएमा असुल गर्नुपर्ने देखिएको रु...... | ३६०००.०० |

| क.स. | पद | नामथर | भुक्तानी रु. |
|---|---|---|---|
| १ | वडा अध्यक्ष | हरि बहादुर थापा | २२०००.०० |
| २ | वडा सदस्य | ईसु मंसुर | ७०००.०० |
| ३ | वडा सदस्य | छठिया देवी | ७०००.०० |
| | **जम्मा** | | **३६,०००.००** |

| | | |
|---|---|---|
| ३३.६. | **गत वर्षको भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखामेमा भुक्तानी दिन बाँकीको कच्चावारी म.ले.प.फा.नं. १८ मा चढाई आगामी वर्ष भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्षमा गत आर्थिक वर्षको भुक्तानी गर्दा म.ले.प.फा.नं. १८ प्रमाणित नगराई रु.६१,१८,९२४.०० भुक्तानी दिएको पाइयो । अत: भुक्तानी दिन बाँकीको अभिलेख वेगर यो वर्ष भुक्तानी दिएको रकम नियमसम्मत मान्न नसकिएको रु....... | ६१,१८,९२४.० |

| गो.भौ.नं, मिति | विवरण | रकम |
|---|---|---|
| १०,२०७५/६/२२ | पदाधिकारी सेवा सुविधा वापत आ.व.२०७४।०७५ को रकम गत आ.व.मा भुक्तानी नभएको भन्ने निर्णयको आधारमा ४९ जना पदाधिकारीको सेवासुविधा भुक्तानी गरेको रु. | ६१,१८,९२४.०० |
| | जम्मा | ६१,१८,९२४.०० |

| | | |
|---|---|---|
| ३४. | **व्यक्तिगत खर्च:** १८३,०७५।११।६ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४३ मा आफू वा कुनै खास व्यक्ति वा वर्गलाई फाइदा हुने गरी निकासा दिन नहुने कुनै अधिकार प्राप्त अधिकारीले आफूलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाइदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिनु हुदैन । तर कार्यालयले पत्रकार महासंघको सम्मेलनमा भाग लिन पोखरा जानको लागि भनि पत्रकार विश्वनाथ ठाकुरलाई रु.१०,०००.०० भुक्तानी दिएको पाईयो । यसरी व्यक्तिगत खर्चको सोधभर्ना दिईएको रकम असुल गर्नुपर्ने देखिएको रु.......... | १०,०००.०० |
| ३५. | **बिल भरपाई:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको स्रेस्ता राख्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्: | |
| ३५.१. | **बढी भुक्तानी:** ४३८,०७६।३।३१ वडा नं ६ को सामुदायिक मध्यस्त कर्ताको संयोजकलाई मासिक रु.५०००.०० का दरले २०७५ माघ १५ देखी २०७६ असार मसान्तसम्मको पारीश्रमिक रु.२७५००.०० भुक्तानी गर्नुपर्नेमा रु.३०,०००.०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२५००.०० असुल गर्नुपर्ने देखिएको रु........ | २५००.०० |
| ३६. | **जग्गा भाडामा लिएको:** १६३,०७५।१०।२८ कार्यालयले वडा नं २ को कित्ता नं १५६५ को १-६-१० जग्गा मिति २०७४।४।१ देखी २०७६।३।३१ सम्मको भाडा रकम वापत प्रतिकट्ठा प्रतिवर्ष रु.६०००.०० को दरले ०-४-० (४ कट्ठाको) २ वर्षको रु.४८,०००.०० भुक्तानी गरेको देखिन्छ । मिति २०७५।१०।१८ मा Back date मा सम्झौता गरि मिति २०७४।४।१ देखि भाडा भुक्तानी गरेको रकम नियम सम्मत मान्न नसकिएको रु.......... | ४८,०००.०० |
| ३७. | **जिन्सी दाखिला:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालयले खरिद गरी प्राप्त हुन आएको मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाधी श्रेस्ता खडागरी राख्नुपर्ने व्यवस्था छ। तर निम्नानुसार खरिद गरीएका जिन्सी सामान आम्दानी बाधेको नपाईएकोले जिन्सी दाखिला गरेको र जिन्सी निरीक्षण प्रतिवेदनमा समेत समावेश गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु...... | ७,३१,२७२.०० |

| भौ.नं. र मिति | खरिद गरेको सामान | भुक्तानी पाउने | परिमाण (थान) | मुल्य |
|---|---|---|---|---|
| ४३१,०७६/३/३० | desktop dell | सिप विकास समिति हरिपुर, २ | ५ | ६९२४४२.०० |
| | office table | | ६ | |
| | revolving chair | | ७ | |
| | carpet | | १७ मि. | |
| | invoter battery | | २ | |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | invoter 1500 VA | | १ | |
| | ciling fan | | २ | |
| २३७,०७५/१२/२२ | साइकल | वडा नं ६ | २ | ३८८३०.०० |
| | प्रिन्टर | | १ | |
| | जम्मा | | | ७३१,२७२.०० |

३८. **धरौटी राखेको रकमः** ३२५,०७६।३।१ वडा नं २ मा विद्युत ट्रान्सफर जडान गर्न नेपाल विद्युत प्राधिकरणको खातामा रु.२,००,०००.०० धरौटी जम्मा गरेको देखियो । तर उक्त धरौटीको हिसाव देखिने गरि कुनै विवरण तयार नगरेकोले उल्लिखित रकमको हिसाव अद्यावधिक गरेको प्रमाण पेश गर्नुपर्ने रु............. २००,०००.००

३९. **राजश्व संकलन कर्ताको नियक्तिः** ५०,०७५।७।१२ कार्यालयले वडा नं ६ को सडक दस्तुर संकलन गर्ने गरि सहदुल्ला मंसुरसँग मिति २०७४।१२।१३ मा संकलित रकमको २५ प्रतिशत अंश दिने गरि सम्झौता गरेको पाईयो । निजले रु.१,८५,०५०.०० सडक दस्तुर संकलन गरेको देखाईएको छ । तर के कति रसिद प्रयोग भए र प्रत्येक रसिदको राजश्व कति हो भन्ने विवरण तयार गरि हिसाव अद्यावधिक गरेको देखिएन । यसबाट वास्तविक राजश्व कति संकलन भयो भन्ने एकिन हुन सकेन । निजलाई सम्झौताको शर्त बमोजिम २५ प्रतिशतले हुने रु.४६,२६२.५० भुक्तानी गरेको छ । सरकारले संकलन गर्ने राजश्वको निश्चित प्रतिशत भुक्तानी गर्ने गरि सम्झौता गर्न सकिने कानुनी व्यवस्था रहेको पाईदैन । यसरी कानुन विपरित सम्झौता गरि भुक्तानी भएको रकम असुल गर्नुपर्ने र वास्तविक संकलन गरेको राजश्व सम्बन्धमा एकिन गर्नुपर्ने देखिएको रु........... ४६,२६२.५०

४०. **नर्म्स भन्दा बढी दरमा भुक्तानीः** प्रदेश नं २ को प्रदेश सरकारको खर्च सम्बन्धि मापदण्ड निर्देशिका २०७५ को परिच्छेद २ अनुसार तालिम प्रतिष्ठान बाहेक अन्य निकायबाट संचालित सवै प्रकारको तालिमका श्रोत व्यक्ति तथा प्रशिक्षकको पारीश्रमिक जिल्ला/नगर स्तरिय भएमा अधिकृत स्तरको तालिममा कार्यपत्र वापत रु.१०००.०० र कक्षा संचालन वापत रु.८००.०० गरि जम्मा रु.१८००.०० भुक्तानी गर्न सक्ने र प्रतिवेदन वापत १ दिनको तालिम भए रु.१०००.०० र १ दिन भन्दा बढीको तालिम भएमा थप रु.५००.०० भुक्तानी गर्न सक्ने (तर अधिकतम रु.३०००.०० भन्दा बढी हुन नहुने) तर सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिएवापतको पारीश्रमिक नपाउने तर कार्यपत्रको रकम पाउने छ भनि व्यवस्था गरेको छ । यस कार्यालयले जिल्ला/नगर स्तरिय तपशिल बमोजिमको तालिम तथा कार्यक्रम संचालन गर्दा तपशिल बमोजिमले कक्षा लिएको पारीश्रमिक, तथा अन्य भत्ता भुक्तानी गर्दा नर्म्स भन्दा बढी दरले गरेकोले बढी दरले भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु............ ९७,५००.००

| सि.नं | गो.भौ.नं./मिति | कार्यक्रम | वापत | भुक्तानी पाउनेको नामथर | भुक्तानी रकम दर | नर्म्स अनुसारको दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | ३५४,०७६/३/१३ | वडा नं ६ महिला स्वास्थ्य तथा क्षमता विकास कार्यक्रम तथा तालिम संचालन, चुरे मधेश महिला संरक्षण अभियान मार्फत संचालित | प्रशिक्षक ४ कक्षा | दिप नारायण साह | ३००० | १८०० | ४८०० |
| | | | प्रशिक्षक ४ कक्षा | राम सोगारथ राउत वरै | ३००० | १८०० | ४८०० |
| | | | संयोजक ५ दिन | अन्जना साह | १५०० | ४०० | ५५०० |
| | | | सह संयोजक ४ दिन | कृष्णा देवी राम | १५०० | ४०० | ४४०० |
| | | | प्रतिवेदन ४ दिन | आशा देवी मिश्र | १५०० | अधिकतम ३००० | ३००० |
| २ | ३५५,०७६/३/१३ | दाईजो प्रथा उन्मुलन तालिम वडा नं ६ | प्रशिक्षक ४ कक्षा | नेवालाल राम | ३००० | १८०० | ४८०० |
| | | | प्रशिक्षक ४ कक्षा | नजिना खातुन | ३००० | १८०० | ४८०० |
| | | | संयोजक ५ दिन | ईन्द्र कुमारी | १५०० | ४०० | ५५०० |
| | | | प्रतिवेदन एकमुष्ट | शम्भु चौधरी | ६००० | ३००० | ३००० |

बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्ष:–२०७५।७६

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ३५६,०७६/३/१३ | लैगिंक विकास तथा सामाजिक समावेशिकरण तालिम | प्रशिक्षक २ कक्षा | गोविन्द राम | ३००० | १८०० | २४०० |
| | | | प्रशिक्षक २ कक्षा | खुश्वु कर्ण यादव | ३००० | १८०० | २४०० |
| | | | संयोजक २ दिन | रौसन कुमार साह | १५०० | ४०० | २२०० |
| | | | सह संयोजक २ दिन | मन्दिरा पन्त | १५०० | ४०० | २२०० |
| | | | प्रतिवेदन २ दिन | दिप नारायण साह | २००० | १५०० | २५०० |
| ४ | ३५७,०७६/३/१३ | महिला हिंसा विरुद्ध सचेतना तालिम | प्रशिक्षक ६ कक्षा | गोविन्द राम | २५०० | १८०० | ४२०० |
| | | | प्रशिक्षक ६ कक्षा | खुश्वु कर्ण यादव | २५०० | १८०० | ४२०० |
| | | | संयोजक ६ दिन | रौसन कुमार साह | १५०० | ४०० | ६६०० |
| | | | सह संयोजक ६ दिन | मन्दिरा पन्त | १५०० | ४०० | ६६०० |
| | | | प्रतिवेदन ६ दिन | दिप नारायण साह | २५०० | अधिकतम ३००० | १२००० |
| ५ | ४३५,०७६/३/३१ | लैगिंक हिंसा सम्बन्धी तालिम | प्रशिक्षक १ कक्षा | गायत्री चौचरी | २४०० | १८०० | ६०० |
| | | | प्रशिक्षक २ कक्षा | पुष्करमणी घिमिरे | ३००० | १८०० | २४०० |
| | | | प्रशिक्षक ३ कक्षा | वडा सचिव शम्भु साह | १५०० | १००० | १५०० |
| | | | ३ कक्षा | वाह्य प्रशिक्षक राजेन्द प्रसाद प्रसाई | २००० | १८०० | ६०० |
| | | | २ कक्षा | न्या.स.स.महाल क्ष्मी विश्वकर्मा | १५०० | १००० | १००० |
| | | | ३ कक्षा | न्या.स.स. राजेन्द्र प्रसाद साह | १५०० | १००० | १५०० |
| | | | ६ कक्षा | म.वि.नि आशा खरेल | १५०० | १००० | ३००० |
| | | | २ कक्षा | स.म.वि.नि शरद कुमारी चौधरी | १५०० | १००० | १००० |
| | | | **जम्मा** | | | | ९७५००. |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४१. | **टुक्रा खरिद:** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने, साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र वा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्दछ । यो वर्ष पालिकाले विभिन्न स्टेशनरि, अनुसुचिहरु तथा फारामहरु लगायतका सामान वोलपत्रको माध्यम नअपनाई सोझै खरिद वापत आपूर्तकलाई भूक्तानी गरेको देखियो । एकै पटक खरिद गरी प्रतिस्पर्धात्मक मूल्यमा वस्तु प्राप्त गरीनूपर्नेमा लागत अनुमान र स्पेशिफिकेशन वेगर पटक पटक सामान खरिद हुदाँ गुणस्तरिय र प्रतिस्पर्धी मूल्यमा सामान प्राप्त भयो भन्न सक्ने अवस्था रहेने सम्वन्धमा छलफल गर्दा सामानहरु चुस्त दुरुस्त रहेको र आइटमहरु पनि फरक रहेको कार्यालयले जनाएको छ । यस सम्वन्धमा रु.१ लाख भन्दा बढी उस्तै प्रकारका सामाग्री प्रत्यक्ष खरिद गरेको केही उदाहरण देहाय अनुसार रहेको छ । उक्त रकम नियम सम्मत मान्न नसकिएको रु.......... | ४,८६५,५३३.६४ |

| भौ.नं./मिति | फर्मको नाम | विजक नं/मिति | खरिद सामान | रकम (भ्याट सहित) | मु.अ.कर |
|---|---|---|---|---|---|
| ३५८,०७६/३/१ | विकास सर्जिकल | (१०८४७, | स्वास्थ्य चौकि | ३५१७२७.५२ | |

**बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्ष:–२०७५।७६**

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कन्र्सन | १०८४८,१०८४९),०७६।३।२० | व्यवस्थापन सामान | | |
| ३५८,०७६/३/१५ | भण्डारी ट्रेडिङ कन्सर्न | ६०१,०७६/३/१७ | स्वास्थ्य चौकि व्यवस्थापन सामान | २०२२७०.०० | |
| पुजीँगत तर्फः | | PAN no. | | ० | |
| २/०७५.७.१५ | ओम जनरल आर्डर सप्लायर्स | 301624529 | फर्निचर खरिद | ३३३३५०.०० | ३८,३५०.०० |
| ३/०७५.७.१५ | लक्की प्रिन्टर्स | 303448842 | फर्निचर खरिद | ९८८७५.०० | ११,३७५.०० |
| ४/०७५.७.१५ | अनि सप्लायर्स | 304530137 | फर्निचर खरिद | ४६७२५५.०० | ५३,७५५.०० |
| ५/०७५.७.१५ | विक्की ट्रेडर्स | 603967669 | इन्भर्टर प्रिन्टर्स | ४८५९००.०० | ५५,९००.०० |
| ६/०७५.७.१५ | लक्की प्रिन्टर्स | 303448842 | कार्यालय समान | ७७९७०.०० | ८,९७०.०० |
| ७/०७५.७.१५ | दुर्गाअफसेट प्रेस | 300346468 | कार्यालय समान | ९६२०.०० | |
| ८/०७५.७.१५ | लालबन्दी ट्रेड लिंक | 600165956 | दुई थान मो.सा.खरिद | ५५३५८०.०० | |
| १४/०७५.८.१९ | लक्की प्रिन्टर्स | 303448842 | कार्यालय समान फर्निचर | ७५७१०.०० | ८,७१०.०० |
| ३१/०७५.९.२७ | दोभान कन्स्ट्रक्सन | 604143109 | क्याम्पस चोक देखि हाथिसार जाने बाटोमा कल्भर्ट निर्माण | ३०८५१५.१९ | ३४,५७४.९७ |
| ३२/०७५.९.२७ | न्यू दिया कन्स्ट्रक्सन | 304965892 | हातीसार जाने बाटोमा कल्भर्ट निर्माण | ४९४१९०.९३ | ५५,३८३.४६ |
| २९१/०७६.३.३१ | चाँद प्रिन्टिङ्ग प्रेस | 303798637 | नगर विकास योजना पुस्तिका छपाइ | २२६०००.०० | २६,०००.०० |
| २७२/०७६.३.२० | जयकाली ट्रेडर्स | 608455721 | मिनि टेलर खरिद | ४१६७००.०० | |
| २४०/०७६.३.२३ | एम.आर इन्टरप्राइजेज | 602136361 | डिजिटल तराजु ७ थान | ९९६६६.०० | ११,४६६.०० |
| २३९/०७६.३.२३ | गणपति इन्टरनेशनल | 605639438 | ४ सेट Air Conditioner र अ.प. Assocceries समेत | ४१४२०४.०० | ४७,६५१.५२ |
| २२७/०७६.३.१८ | बागमती ह्युम पाइप उद्योग | 300154430 | विभिन्न स्थानमा जडान गर्न ह्युम पाइप खरिद | २५००००.०० | २८,७६१.०६ |
| | जम्मा | | | ४,८६५,५३३.६४ | |

४२. **वृद्ध वृद्धा तथा अपांगको लागि कम्बल वितरण:** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने, साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं १६४,०७५।१०।२८ र गो.भौ.नं १६५,०७५।१०।२८ बाट कुल १००० थान कम्बल रु.९,८८,७५०.०० मा खरिद गरेको पाईयो । सार्वजनिक खरिद ऐनको व्यवस्था विपरित रु.५,००,०००.०० भन्दा बढीको मालसामान सोझै खरिद गरेको नियम सम्मत देखिएन । साथै उक्त वितरण गरिएका कम्बलहरु वडामा एकमुष्ठ पठाई वडा मार्फत नै वितरण गरिएको देखिन्छ । लक्षित वर्ग कार्यक्रम संचालन सर्वप्रथम उक्त वर्गका मानिसहरुको लगत संकलन गरि सोहि बमोजिम समयमै कानुनसम्मत तवरले खरिद गरि वितरण गर्नुपर्नेमा नाम मात्र संलग्न भएको भरपाई पेश गरि वितरण गरेको पाईयो । लक्षित वर्गको पहिचान खुल्ने गरि निजहरुको नागरिकता नं, सम्पर्क नम्बर, लक्षित वर्गमा परेको वा छनौट गरेको प्रमाण संलग्न नभएकोले सम्पुर्ण कम्बलहरु वास्तविक लक्षित वर्गलाई नै वितरण गरियो भनि एकिन हुन सकिएन । कतिपय कम्बलहरु वडा अध्यक्ष, प्रहरि चौकि

| बजेट उप–शीर्षक:– विभिन्न | कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । | आर्थिक वर्ष:–२०७५।७६ |
|---|---|---|
| **दफा नं** | **भौचर, मिति र व्यहोरा** | **बेरुजु रकम** |
| | लगायतले बुझेको देखिएकोले सोको आधार स्पष्ट देखिएन । सार्वजनिक खरिद ऐनको विपरित खरिद भएको तथा वितरण गरिएको भरपाई तथा अन्य आधारहरु समेत स्पष्ट नभएकोले उक्त रकम नियम सम्मत मान्न नसकिएको रु......... | ९,८८,७५०.० |
| ४३. | **भ्रमण खर्च:** भ्रमण खर्च भ्रमण नियमावली बमोजिम भ्रमणको आवश्यकता र औचित्यलाइ आधारमा मानि भ्रमण खर्च गर्नु पर्नेमा सो बेगर देहाय अनुसार रु.४,५४,०००.०० खर्च गरेको मनासिव देखिएन । | |

| गो.भौ.नं, मिति | भ्रमणकर्ता | भ्रमण मिति | भ्रमण स्थान | रकम |
|---|---|---|---|---|
| ४१७,०७६/३/२९ | स्वास्थ्य चौकि जानकी नगरका महिला | | पोखरा, लुम्बिनी | ५४०००.०० |
| ४४३,०७/३/३१ | पदाधिकारी तथा कर्मचारी | ०७५/१२/२९-७६/१/२ | पोखरा, लुम्बिनी | ३०००००.०० |
| ४४७,०७६/३/३१ | वडा नं १ का पदाधिकारी | | पोखरा, लुम्बिनी | १०००००.०० |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४४. | **नगर परिषद संचालन खर्च:** ४२७,०७६।३।३० नायव सुब्बा शम्भु साह रौनियारले पेश्की फछ्र्यौट तथा सोधभर्ना भुक्तानी वापत रु.२,४८,९९०.०० खर्च भुक्तानी भएकोमा १३६३० प्रति फाटोकपि प्रति कपि रु.३ का दरले रु.४०,८९०.०० र कम्प्युटर सम्पादन खर्च वापत रु.३०,०००.०० खर्च दावि गरेकोमा उक्त संख्यामा फाटोकपिको र कम्प्युटर सम्पादनको प्रयोजन खुलेको छैन । अत औचित्य र प्रयोजन खुलाई भूत्तानी हुनु पर्दछ । | |
| ४५. | **सोधभर्ना लिनुपर्ने रकम:** ३४८,०७६।३।१२ कार्यालयको गाडी विद्यार्थि आन्दोलनको क्रममा तोडफोड भई मर्मत गर्दा रु.१,४९,१०२.०० लागेको देखिन्छ । कार्यालयको सवारीको दुर्घटना विमा गराएकोले उक्त रकम विमा कम्पनीबाट सोधभर्ना लिनुपर्ने देखिएको रु ......... | १,४९,१०२.०० |
| ४६. | **अन्य निकायको खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६५ बमोजिम कार्यालयले सार्वजनिक कोषबाट खर्च हुने रकम मितव्ययि तवरले खर्च गर्नुपर्दछ । कार्यालयले यस वर्ष रु.१,४१,६७८.०० अन्य सरकारी निकायको खर्चको सोधभर्ना दिएको देखिएकोले यस्ता खर्चमा नियन्त्रण गरिनुपर्दछ । यसका उदाहरण तपशिल बमोजिम रहेको छ । | |

| **गो.भौ.नं/मिति** | **निकायको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ४११,०७६/३/२९ | सशस्त्र प्रहरी वल नेपाल, सर्लाही | सवारी मर्मत र विविध | १२२८२८.०० |
| | **जम्मा** | | **१२२८२८.००** |

**वित्तीय समानिकरण पुंजीगत:**

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४७. | **बढी मुल्य अभिवृद्धि कर भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ताबिल भरपाई स्थानीय निकायले जाँच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विलमा समावेश भएको भन्दा वढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर रु.२१,९०४।०० असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.......... | २१,९०४.०० |

| **गो भौ नं,मिति** | **योजनाको नाम** | **भुक्तानी भएको मु.अ कर** | **पेश भएको मु.अ कर** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|
| १५१,०७६/२/१६ | पशुपति नगर मंलगवा रोडबाट पुर्व जाने सडक ढलान उ.स | ७६०००.०० | ५४०९६.०० | २१९०४.०० |
| | **जम्मा** | ७६०००.०० | ५४०९६.०० | २१९०४.०० |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४८. | **हजारविघा बजार व्यवस्थापन:** ३५,०७५।१०।१४ कार्यालयले हजारविघा बजार व्यवस्थापनको लागि तरकारी बजार भवन निर्माण को आईटम नं ९ बमोजिम site clerance मा 1 job को लागि रु.१०,०००.०० लागत अनुमान रहेको भएतापनि foundation र CGI sheet fitting को लागि छुट्टै ज्याला भुक्तानी भएको अवस्थामा site clerance 1 job भनि रु.५०,०००.०० भुक्तानी गरेको छ । सम्झौता भन्दा बढी दरले भुक्तानी भएको रु.४०,०००.०० असुल गर्नुपर्ने देखिएको रु......... | ४०,०००.० |
| ४९. | **उपभोक्ताको अंश कट्टा नगरि भुक्तानी: ११७,०७५।१२।२२** वडा नं ३ को पोखरी निर्माण कार्यको नगरपालिकाले ७४ प्रतिशत अर्थात रु.४७९४६२.७७ र सम्बन्धित उपभोक्ताको २६ प्रतिशत गरि कुल रु.६,४७,५४७.८७ मा सम्झौता भएकोमा कार्यसम्पन्न रु.६,३२,००६.७२ को भएको देखिन्छ । उक्त पोखरी खन्ने कार्यको लागि नगरपालिकाको डोजर प्रयोग गरिएकोमा प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन तथा विल बमोजिम रु.१६४,०५१.७२ बरावरको कार्य नगरपालिकाको डोजरबाट भएको देखिन्छ । कार्यसम्पन्न भएको रकमको नगरपालिकाको अंश ७४ प्रतिशतले हुने रकम भुक्तानी गर्दा डोजर प्रयोग गरे वापतको | |

**बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्ष:–२०७५।७६**

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | रु.१६४,०५१.७२ कट्टा गरि रु.३,०३,९०३.२८ मात्र भुक्तानी गर्नुपर्नेमा रु.४,६७,९५५.०० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१,६४,०५१.७२ असुल गर्नुपर्ने देखिएको रु............. | १,६४,०५१.७२ |
| ५०. | **पिडारी खानेपानी तथा सरसफाई खानेपानी उपभोक्ता समितिः** १५२,०७६।२।१७ नगरपालिकाले पिडारी खानेपानी तथा सरसफाई खानेपानी उपभोक्ता समिति वडा नं ९ लाई रु.१०,००,०००.०० मिति २०७६।२।८ को निर्णयबमोजिम अनुदान उपलब्ध गराएको देखियो । खानेपानी योजनाहरुको निर्माण जिल्ला स्थित खानेपानी तथा सरसफाई डिबिजनबाट हुने गरेकोमा यस नगरपालिकाबाट समेत रकम उपलब्ध गराएको र उक्त अनुदानको सम्बन्धमा के कति कार्य भयो वा भएन भन्ने नगरपालिकाको तर्फबाट अनुगमन निरीक्षण भएको देखिदैन । अनुदान रकम लैजाने तर लक्ष्य बमोजिम कार्य गरे नगरेको, अपेक्षित उपलब्धी हासिल भए नभएको सम्बन्धमा एकिन हुन सक्ने अवस्था नरहेकोले उल्लिखित प्रमाण पेश गर्नुपर्ने देखिएको रु..... | १०,००,०००.०० |
| ५१. | **खानी चार्जः** नगरपालिकाले तपशिल बमोजिमको आयोजनाको लागत दर खानी चार्ज संलग्न गरि निर्धारण गरेको पाईयो । तपशिल बमोजिमले खानी चार्ज भुक्तानी भएकोमा सम्बन्धित उपभोक्ता समितिले कुनै पनि खानी चार्ज तिरेको प्रमाण पेश नभएकोले उक्त खानि चार्ज बरावरको रकम तिरेको प्रमाण पेश नभएमा असुल गर्नुपर्ने देखिएको रु............. | ५४,१४१.०० |

| गो.भौ.नं मिति | उपभोक्ता समितिको नाम | कुल भुक्तानी रकम | खानी चार्जको रकम |
|---|---|---|---|
| ११९,०७५/१२/२७ | इदरिस वंगाली सडक ढलान उ.स. | ४५००००.०० | ५५५०.०० |
| १२०,०७५/१२/२७ | मंसुरको घरदेखी असनमा पुरानो जाने सडक | ४२५८५१.०० | ५३८१.०० |
| १२३,०७६/१/३० | उपेन्द्रको मिल देखी वैद्यनाथ घरसम्म नाला निर्माण | ९०००००.०० | ५६९०.०० |
| १४४,०७६/२/१० | नगरपालिकाको पार्किङ ग्यारेज तथा चर्पि निर्माण | ९०००००.०० | २७३८.०० |
| १५०,०७६/२/१६ | रामकिशुनको घरदेखी उर्मिला रोदि पि.सि.सि | ५०००००.०० | ६१७९.०० |
| १५१,०७६/२/१६ | पशुपति नगर मंलगवा रोडबाट पुर्व जाने सडक ढलान उ.स | १३०००००.०० | १६५०३.०० |
| १५३,०७६/२/२३ | जगतपुर टोलमा नाला निर्माण हरिपुर ९ | ९९७१५२.०० | ७३००.०० |
| २०१,०७६/३/३१ | पिपलबोट पश्चिममा सडकमा नाला निर्माण वडा नं २ | ७०००००.०० | ४८००.०० |
| | जम्मा | | ५४,१४१.०० |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ५२. | **बढी भुक्तानीः** २१०,०७६।३।१५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ । कार्यालयले यस वर्ष लक्ष्मी नारायण महादेव निर्माण सेवालाई हरैया पिडारी नाला निर्माणको दोश्रो रनिङ्ग विल वापत रु.८,१७,३८२.३६ भुक्तानी गर्दा Insurance for loss of damage (विमा) को रकम तपशिल बमोजिम जति वरावरको विजक पेश हुन्छ त्यति वरावरकै भुक्तानी दिनुपर्नेमा विजक भन्दा बढी भुक्तानी भएको रकमको विमालेख पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु................. | २६,४१४.०० |

| सि.नं | विवरण | भुक्तानी भएको | विजक पेश भएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | दोश्रो रनिङ्ग विल | ३५०००.०० | ८५८६.०० | २६४१४.०० |
| | **जम्मा** | ३५०००.०० | ८५८६.०० | २६४१४.०० |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ५३. | **पेश्की :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारी, पदाधिकारी, निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई दिएको पेश्की रु.६०,०००.०० आर्थिक वर्षको अन्त्य सम्म फछ्यौंट नभई बांकी रहेको देखियो । फछ्यौंट गर्न बांकी रहेको पेश्की नियमानुसार फछ्यौंट गर्नुपर्ने देखिएको रु............... | ६०,०००.०० |

| सि.नं | पेश्की लिने व्यक्ति/उ.स | उद्देश्य | पेश्की बाँकी |
|---|---|---|---|
| १ | चन्देश्वर साह | पुस्तक खरीद | ३५०००.०० |
| २ | जमरुदीन मंसुर | मुद्दा खर्च | २५०००.०० |
| | जम्मा | | ६०,०००.०० |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ५४. | **धानको विउ वितरणः यस सम्बन्धमा देहायका यहोरा देखिएका छन् ।** | |
| ५४.१. | नगरपालिकाबाट कृषि जन्य र अन्य सुविधा वितरण गर्दा सम्भावित किसानको मूल्यांकन लिई | |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्ष:–२०७५।७६ | | |
|---|---|---|
| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
| | आवश्यकता पहिचान गरी खर्च लेख्नु पर्नेमा नगरपालिकाले खरिद गरी वडाहरुमा वितरणका लागि पठाइएको छ । यो वर्ष यसरी वितरणको लागि सोना मन्सुली ४०२५ किलोको प्रति किलो ६०।- र सावा मन्सुली २९७५ किलोको प्रतिकिलो रु.६०।- ले कुल रु.४६०,२५०।- उमेश एग्रोभेट सेन्टरबाट प्रत्यक्ष रुपमा खरिद गरी वडा कार्यालयहरुमा पठाएको छ । यस्तो विउ विजन खरिद समयमा गर्नु पर्नेमा आर्थिक वर्षको अन्ततिर मिति ०७६।०२।२७ मा मात्र दाखिला गरेको र विउको वितरण गर्दा स्वतन्त्र छनौट हुने आधार श्रेस्ता साथ संलग्न नगरेबाट सही किसानले सो प्राप्त गरेका छन भन्न सकिने आधार कमजोर देखिएको छ । | |
| ५४.२. | धानको दर भाउ निर्धारण गर्दा सार्वजनिक खरिद नियमावली, ०६४ को नियम ११ अनुसार गत वर्ष खरिद गरेको दर अन्य निकायले खरिद गरेको दर एवं त्यस्तो किसिमको सार्वजनिक निकायले निर्धारण गरेको दर समेतका आधारमा लागत अनुमान तयार गरी खरिद गर्नु पर्नेमा ३ वटा आपूर्तिकर्ता सँग दररेट माग गरी घटी दरको खुल्ला कोटेशनलाई दरको आधार कायम गरी खरिद गरेको मनासिव देखिएन । | |
| ५४.३. | वितरण गर्दा कुनै किसानलाई ७० किलो र कुनै किसानलाई ५ किलो मात्र दिएको, वितरण गर्दा भरपाईमा धानको जात कतरनी लेखेको, खरिद दररेट सरकारी दर भन्दा बढी रहेको र विउ वितरण पछि उत्पादनमा परेको प्रभाव खुल्ने प्रतिवेदन पेश नगरेको कारण वितरित विउबाट उत्पादनकत्वमा परेको प्रभाव एकिन भएन । समूहलाई वितरण गरेको सम्बन्धमा समूहले कुन कुन सदस्यहरुलाई वितरण गरे नगरेको समेत अनुगमन गरी अनुदानलाई उपलब्धी मूलक बनाउनु पर्दछ । धानको खरिद स्थल देखि वडा कार्यालय सम्म ढुवानी वापत रु.३४,७५०।- भुक्तानी भएको छ । त्यसरी भुक्तानी हुँदा जिल्ला दररेटमा प्रतिकिलो ढुवानी दर उल्लेख छैन । एकमुष्ट ढुवानी भनि खर्च गरेको समेत मनासिव देखिएन । | |
| ५५. | **तरकारीको विउ वितरण:** २४४/०७६।३।२४ तरकारीको विउ मिनिकिट १००६ प्याकेट वापत (उमेश एग्रोभेट सेन्टरलाई) रु.२०४,९००।- दिएको, स्प्रे ट्यांकी २७ वटा प्रति थान रु.२०००।- का दरले उमेश एग्रोभेट सेन्टरलाई रु.५४,०००।- भुक्तानी गरेकोमा भरपाईमा कुन कुन कृषक समूहको लागि र कति व्यवसायिक कृषकलाई वितरण गर्नु पर्ने हो तथ्यांक एवं अभिलेख र विगत वर्षमा सुविधा पाउने कृषकको तथ्यांक वेगर त्यसरी हस्तान्तरण गरि वितरण गरेको मनासिव देखिएन । उक्त समान बुझ्ने कृषक सम्बन्धित वडाका कृषक भएको र नेपाली नागरिक रहेको अभिलेख समेत नभएकोले किसानको आवश्यकता पहिचान गरी वितरण गर्नु पर्ने र अभिलेख व्यवस्थित गरी राख्नु पर्दछ । साथै मिनि किटको वजन समेत नखुलेको कारण के कति परिमाणको विउ विजन खरिद भएको हो खुल्ने आधार पेश गर्नु पर्ने देखिन्छ । | |
| ५६. | **मिनि टेलर वितरण:** २७२/०७६।३।३० स्वीकृत स्पेशिफिकेशन वेगर खरिद गरेको २ जना कृषकलाई सदस्य भए सदस्यता लिएको आधार एवं समूहको सवै सदस्यले प्रयोग गर्न पाउने सुनिश्चितता वा कबुलियत नामा एवं विगतको वितरण सम्बन्धमा अभिलेख वेगर वितरण गरेको, त्यस्तो कार्यमा विगतमा जिल्ला कृषि विकास कार्यालयबाट समेत हुने गरेकोमा उक्त कार्यालय एवं कृषकको लागि मेशिनरी औजार उपलब्ध गराउने निकायमा समन्वय गरि कार्यालय संचालन नगरेको र वितरण पछिको अनुगमन प्रतिवेदन समेत नभएको अवस्थामा जयकाली ट्रेडर्सलाई ३ थान मिनि टेलर प्रति थान रु.१,३८,९००।- का दरले रु.४,१६,७००।- र ढुवानी रु.८३००।- गरी एकमुष्ट रु.४२५,०००।- भुक्तानी दिएको छ । कार्यक्रमको उपलब्धी र प्रभावकारिता सम्बन्धमा एकिन हुन सकिएन । | |
| ५७. | **बहुक्षेत्रिय पोषण :** प्रथम चौमासिक बैठक रु.२५,०००।- तेस्रो नगर सभाबाट स्वीकृत भएको कार्यक्रम अनुसार स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आएका महिलाहरुलाई नि:शुल्क झुल वितरण गर्ने गरी कार्यक्रम स्वीकृत भएकोमा सो अनुसार रु.४,००,०००।- को झुल खरिद भएकोमा हाल सम्म वितरण नभएकोले सम्बन्धित लक्षित व्यक्तिलाई वितरण भएको पुष्टि हुने प्रमाण नभएमा असुल गर्नु पर्ने रु......... | ४,००,०००।- |
| ५८. | **सुत्केरीलाई अनुदान:** १२/०७६।०२।०७ प्राथमिक स्वास्थय केन्द्र हरिपुरलाई रु.२५०,०००।- र लक्ष्मीपुर स्वास्थ्य चौकीलाई रु.३२५,०००।- गरी जम्मा रु.५७५,०००।- प्रति सुत्केरी रु.५०००।- का दरले भुक्तानी दिने गरी त्यस्ता स्वास्थ्य चौकीहरुको खातामा रकम भुक्तानी भएकोमा सो रकम वितरण गरेको र सम्बन्धित व्यक्तिले प्राप्त गरेको खुल्ने कागजात र विवरण प्राप्त नभएकोले प्रमाण कागजात पेश गर्नु पर्ने रु...... | ५,७५,०००.० |

| भौ.नं.र मिति | स्वास्थ्य चौकीको नाम | खाता नं. | रकम रु. |
|---|---|---|---|
| १२/०७६।०२।०७ | प्राथमिक स्वास्थ्य केन्द्र | २०८००१०६४८००२८००००००१ | २५०,०००।- |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | हरिपुर | | |
| १२/०७६।०२।०७ | लक्ष्मीपुर स्वास्थ्य चौकी | ०२९००१०१२१३०६४०००००१ | ३२५,०००।- |
| | जम्मा | | ५७५,०००।- |

५९. **झुल वितरण:** १९/०७६।३।१३: मेडिकेटेड झुल वापत निशा फार्मेशीलाई ३९३ जनाको लागि ९०० को दरले मुल्य अभिवृद्धि कर समेत रु.३,९९,६८१।- भुक्तानी भएकोमा झुल वितरण नगरी राखेकोले झुल वितरण गरेको प्रमाण पेश गर्नु पर्ने रु....... ३,९९,६८१.००

६०. **सेनिटरी प्याड वितरण:** २०/०७६।०३।१३: सेनिटरी प्याड ३३१८ थान रु.४० को दरले खरिद वापत राजा मेडिकल हललाई रु.१४९,९३३।६० मुल्य अभिवृद्धि कर समेत भुक्तानी गरेको छ । त्यसरी खरिद भएको सेनिटरी प्याड देहायका ७ वटा निम्न र माध्यमिक विद्यालयमा वितरणका लागि पठाएकोमा हाल सम्म छात्राले बुझेको भरपाई पेश नभएकोले भरपाई पेश गर्नु पर्ने देखिएको रु........... १,४९,९३३।६०

| सि.नं. | विद्यालयको नाम | संख्या |
|---|---|---|
| १. | हरिहर जनता नि.मा.वि. | १२० |
| २. | राम लगन मा.वि., पिडारी | ५३२ |
| ३. | श्री ५ कुमार मा.वि. हजार विगहा | ५६० |
| ४. | महाविर जनता मा.वि. हरिपुर | १३८० |
| ५. | जनता मा.वि. फरहदवा | १०६ |
| ६. | सार्वजनिक मा.वि. लक्ष्मीपुर | २८० |
| ७. | जनता मा.वि. हरैया | ३३० |
| | जम्मा | ३३०८ |

६१. **सामुदायिक भवन मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्राकृतिक भवन एवं कम्पाउण्डवाल निर्माण:** सार्वजनिक निकायले सार्वजनिक श्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण कार्य गर्दा पालिकाको जग्गा वा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा निर्माण गर्नु पर्ने, आवश्यकता र प्राथमिकताको आधारमा योजना संचालन गर्ने र स्थानीय सरकार संचालन ऐनको दफा २४ समेतलाई ध्यान दिई योजनाको प्राथमिकीकरण गर्नु पर्नेमा यस पालिकाले नक्सापास नगरी, जग्गा सार्वजनिक नहुदै व्यक्तिको मन्जुरीको आधारमा निर्माण गर्ने संरचनाको अत्यावश्यक भागहरुलाई वेवास्ता गरी आंशिक रुपमा योजना तयार गर्ने र त्यसैलाई सम्पन्न देखाउने, आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल नगरेको, त्यस्ता संरचना विगतमा अन्य सरकारी एवं गैह्रसरकारी निकायको लागत सहभागितामा रहेको अवस्थामा त्यस्ता निकाय संग समन्वय गरेको अभिलेख नराखेको, भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन, नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी पर्याप्त अनुगमन र सम्वन्धीत क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

उदाहरणको लागि यो वर्ष निर्माण भएका त्यस्ता केही संरचना देहाय अनुसार छन् :

| भौ.नं.र मिति | योजनाको नाम | क्रियाकलापको नाम | न.पा.बाट भु.रु. |
|---|---|---|---|
| ३-०७६।०२।२३ | रौनियार सामुदायिक भवन निर्माण हरिपुर वडा नं. २ | रौनियार सा.भ.नि. | १०,५८,४४०.०० |
| १५-०७६।३।११ | रौनियार सामुदायिक भवन निर्माण हरिपुर वडा नं. २ | रौनियार सा.भ.नि. | ४४१,५६०.०० |
| १-०७६।२।८ | राम जानकी मन्दिर निर्माण | रामजानकी कम्पाउण्डवाल निर्माण | १०,००,०००.०० |
| ४-०७६।२।२८ | मधेशी सामुदायिक भवन निर्माण का. उ.स. | मधेशी सा.भ.नि.का. | ६,६९,२४३.०० |
| १३-०७६।३।२९ | मधेशी सामुदायिक भवन निर्माण का. उ.स. | मधेशी सा.भ.नि.का. | ८३०,७५७.०० |
| ५-०७६।२।३० | चौधरी सा.भ.नि. हरिपुर | चौधरी सा.भवन नि.हरिपुर ४ | ११,०७,५५७.०० |

| बजेट उप–शीर्षक:– विभिन्न कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । आर्थिक वर्ष:–२०७५।७६ | | |
|---|---|---|
| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
| | ११-०७६।३।२६ \| चौधरी सा.भ.नि. हरिपुर \| चौधरी सा.भवन नि.हरिपुर ४ \| ८८६,९४६.–<br>७-०७६।३।१ \| मुस्लिम सा.भ.नि. हरिपुर ९ \| मु.सा.भ.नि. हरिपुर ९ \| १३,०२,८९३.००<br>१०-०७६।३।२६ \| मुस्लिम सा.भ.नि. हरिपुर ९ \| मु.सा.भ.नि. हरिपुर ९ \| १९५,७६५.०० | |
| ६२. | **बाखा वितरण:** २७१-०७६।३।३०: १५ वटा प्रजन्न योग्य बाखा र ९ थान ट्राइसाइकल, बाखाको लागि औषधी र बाखाको वीमा वापत रु.३९००।- समेत पशुचिकित्सक विश्व कृष्ण श्रेष्ठलाई भुक्तानी दिएकोमा ट्राइसाइकल वितरण गर्दा अपाङ्गको परिचय पत्र, बाखा वितरण गर्दा कृषकको प्रतिवद्धता एवं कार्यविधि अनुसार कर्तव्य र दायित्व सम्बन्धी सम्झौता एवं वीमा गरेको प्रमाण पेश नभएको रु........... | ३,९००.०० |
| ६३. | **नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी:** १६६-०७६।२।२९ लाई ल.ई. अनुसारको रकम रु.२७,७७५।५० १ थान पोल र सो मा लाग्ने तार सहितको कार्य गर्न लागत अनुमान, नेपाल विद्युत प्राधिकरण लालबन्दी वितरण केन्द्रले उल्लेख गरे अनुसार उक्त शाखाको खाता नं.७३०१०१००००३३१ मा जम्मा गरेकोमा काम भएको आधार प्रमाण पेश नभएको रु........ | २७,७७५.५० |
| ६४. | **मदरसा लाई अनुदान:** २४३-०७६।३।२४: नगरपालिका भित्र भएका ७ मदरसालाई रु.१५ लाख भुक्तानी हुँदा ३ मदरसालाई प्रति १५०,०००।- ले ४५०,०००।-, ३ मदरसालाई प्रति मदरसा २५०,०००।- ले रु.७५०,०००।- र १ मदरसा लाई रु ३ लाख गरी जम्मा रु.१५ लाख भुक्तानी भएको छ । सशर्त अनुदानबाट भुक्तानी भै रहेको अवस्थामा वित्तिय समानिकरणबाट समेत प्रयोजन नखुलाई पटके निर्णयबाट भुक्तानी भएको मनासिव देखिएको अनुगमन गरी नियमित गर्नु पर्ने रु.... | १५,००,०००. |
| ६५. | **सामाजिक उद्यमी महिला सहकारी संस्था लि.लाई अनुदान:** २४०-०७६।०३।२३: डिजिटल तराजु ७ थान वापत एम.आर इन्टरप्राइजेज बर्दिवासलाई भुक्तानी रु.९९,६६६।-, सामाजिक उद्यमी महिला सहकारी संस्था लि. (उद्यमी महिला सहकारी संस्था) लाई चन्द्रावती श्रेष्ठलाई दिएको निजले संस्थागत प्रयोग गरेको सम्बन्धमा अनुगमन गर्नु पर्ने रु................. | ९९,६६६.० |
| ६६. | **सि.एम.सि. भवन:** २३१-०७६।३।२२ वडा नं. १ मा सि.एम.सि. भवन वापत रु.२४०,०००।- भुक्तानी भएको छ । साविकका जिल्ला विकास समिति एवं अन्य निकायबाट निर्माण भएको भवनमा साविकको निर्मित अवस्थाको डिजाइन, ड्इङ्ग तथा तथ्यांकको मूल्यांकन नगरी, अन्य निकायसँग समन्वय नगरी बजेट विनियोजन र भवनको भित्री पर्खाल, झ्याल ढोका, लगायत मर्मत र पेन्टिङ्ग कार्य जस्ता आशिंक कार्य वापत भुक्तानी गरेको मनासिव नदेखिएको रु.. | २४०,०००.० |
| ६७. | **योजना कार्यान्वयन एवं अनुगमन :** योजना कार्यान्वयन गर्दा नाम र ठेगाना परिवर्तन गरेकोले कतिपय योजनाको कहाँ के प्रयोजनको लागि कति जनतालाई लाभान्वित गर्ने योजना परिवर्तन गरिएको सो लक्ष्य समेत प्राप्त हुने अवस्था छैन । साथै योजनाको रकम भुक्तानी दिँदा होर्डिङ्ग बोर्ड ( योजना पार्टी) नराखेको अवस्थामा पनि मूल्यांकन भई भुक्तानी हुन गएको, Site Clearance को लागि मूल्यांकन गर्दा यथार्थ परक ढंगबाट नगरेकोले मितिव्ययीता नदेखिएको योजनाको अनुगमन गर्दा अनुगमन समितिका सदस्यहरुले अनुगमन गरेको मिति उल्लेख नगरेको, अनुगमनबाट दिएको सुझाव र सुझाव कार्यान्वयनको अवस्था उल्लेख नगरेको, अनुगमन निर्माण भन्दा अगाडी, निर्माणको क्रममा र कार्य सम्पन्न पछि कुन अवस्थामा गरिएको हो सो नखुलेको साथै अनुगमन प्रतिवेदनमा आर्थिक वर्ष नै फरक उल्लेख गरेकोले कुन आर्थिक वर्षको अनुगमन भएको हो सो नखुलेको अवस्थामा सुधार गर्नु पर्दछ । साथै फोटो संलग्न गरेकोमा फोटोको मिति उल्लेख छैन तसर्थ यस्तो अवस्थामा सुधार हुनुपर्दछ । | |
| ६८. | **प्रधानमन्त्री रोजगार कार्यक्रम:** यो वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमबाट देहाय अनुसारको क्रियाकलाप संचालन भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कृषि कुलो मर्मत, सरसफाई, वृक्षारोपण जस्ता कार्यमा मात्र अत्याधिक खर्च हुन गएको र भौतिक रुपमा देखिने गरी कुनै क्रियाकलाप संचालन नहुँदा उपलब्धीको मूल्यांकन गर्न कठिन भएको छ । | |

| वडा नं. | नियुक्त संख्या | परिमाण I | ईकाई | क्रियाकलाप | खर्च रकम रु. | कार्य सम्पन्न रकम |
|---|---|---|---|---|---|---|
| १ | ११ | ६६०.५ | cum | कृषि कुलो मर्मत | १७०,६१०.०० | २,०२,५८८.४० |
| २ | ११ | ६६०.५ | cum | सरसफाइ कुलो | १७०,६१०.०० | १९५,२२९.९० |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मर्मत | | |
| ३ | ११ | २७३.८१ | md | वृक्षारोपण | १७०,६१०.०० | २,३८,०००.२० |
| ४ | ११ | ३३० | md | सरसफाई | १७०,६१०.०० | २१०,१९९.५० |
| ५ | ११ | ६६०.५ | cum | कृषि कुलो मर्मत | १७०,६१०.०० | १८९,५७९.९० |
| ६ | ११ | ६६०.५ | cum | सरसफाइ कृषि कुलो मर्मत | १७०,६१०.०० | १९५,०४९.९० |
| ७ | ११ | २७३.८१ | md | वृक्षारोपण | १७०,६१०.०० | २,४५,४७४.४० |
| ८ | ११ | ३३० | md | सरसफाई | १७०,६१०.०० | २,०८,६८७.३० |
| ९ | ९ | २७३.८१ | md | वृक्षारोपण | १३९,५९०.०० | २१५,६८४.४० |
| | | | | जम्मा | १५,०४,४७०.०० | १,००५,७४३.६० |

६९. **एउटै उपभोक्ता समितिलाई दुई वटा आयोजनाको रकम भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सम्बन्धित क्षेत्रका लाभग्राहीबाट उपभोक्ता समितिगठन गर्नु पर्ने र सोही मार्फत योजना संचालन गर्नुपर्नेमा एउटा उपभोक्ता समिति गठन गरी असम्बन्धित क्षेत्रमा समेत त्यसैबाट कार्य गराएको उदाहरण देहाय अनुसार छ । यसरी असम्बन्धित क्षेत्रमा सम्बन्धित उपभोक्ता बाहेकका व्यक्तिबाट काम गराउँदा कामको गुणस्तर र स्वामित्वमा असर पर्न जाने अवस्था देखिन्छ । यस्तो अस्थामा सुधार ल्याउन उपभोक्ता समिति गठन प्रक्रिया पारदर्शी बनाउने, विधिवत दर्ता र सही परिचालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

| भौ.नं. र मिति | योजनाको नाम | योजना संख्या | भुक्तानी रु. | उपभोक्ता समितिको नाम | कैफियत |
|---|---|---|---|---|---|
| २९०-०७६.३.३१ | कटडिया टोलमा नाला निर्माण | १ | ६५०,०००.०० | तिर्थको घर देखि धर्मशाला सम्म नाला निर्माण उ.स. | फिल्ड हेर्दा झण्डै २ कि.मि. छुटै बस्तीमा रहेको |
| | भुसही टोलमा सडक तथा कल्भर्ट | १ | ५०,०००.०० | | |
| २८५-०७६.३.३१ | प्रभन्सको घर देखि प्रेमलालको घर सम्म सडक ढलान | १ | ३००,०००.०० | राजेन्द्र शाहको घर देखि धर्मेन्द्र चौधरीको घरसम्म सडक ढलान उ.स. हरिपुर ७ | |
| २८२-०७६.३.३१ | राजेश शाहको घर देखि धर्मेन्द्र चोधरीको घर सम्म सडक ढलान | १ | २००,०००.०० | | |
| | अधुरो चौतारा निर्माण | | | | |
| २७८-०७६.३.३० | राज कुमारको घर देखि जय किशोरको घर सम्म नाला निर्माण | १ | ५००,०००.०० | राज कुमार चौधरी उपभोक्ता समिति अध्यक्ष (दुइ उ.स.को अध्यक्ष) | |
| | सामुदायिक हनुमान मन्दिरको धर्मशालामा झ्याल, ढोका र भुई ढलान | १ | २००,०००.०० | | |
| २७४-०७६.३.३० | हनुमान मन्दिरको अधुरो नाला निर्माण | १ | ३००,०००.०० | दिपेन्द्र पञ्जियार अध्यक्ष एउटै, चेक पनि एउटै | कार्य सम्पन्न प्रतिवेदन गर्ने स्थानमा स्वीकृत दस्तखत नभएको |
| | मुक्तीको खलियान देखि मोतिरामको घरसम्म | १ | ७००,००० | | |

| बजेट उप–शीर्षक:– विभिन्न | कार्यालय:– श्री हरिपुर नगरपालिकाको कार्यालय, सर्लाही । | आर्थिक वर्ष:–२०७५।७६ |
|---|---|---|
| **दफा नं** | **भौचर, मिति र व्यहोरा** | **बेरुजु रकम** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नाला निर्माण | | .०० | | | |

**७०.** **४ वटा निर्माण कार्यको भुक्तानी एउटै उपभोक्ता समितिलाई दिएको:** २९२-०७६।३।३२ निर्माण क्रियाकलापसँग सम्बन्धित सरोकारवालासँग सम्झौता गरी लभान्वित व्यक्ति छुट्याई तिनको उपभोक्ता समिति गठन गर्न र त्यस्ता उपभोक्ता समितिका व्यक्तिर्ला भुक्तानी गर्नु पर्नेमा गरेको छैन । उपभोक्ता समितिका अध्यक्ष गणेश रायमाझी राखी भुक्तानी भएको छ । ४ वटा निर्माण कार्यको एउटै उपभोक्ता समितिका अध्यक्षलाई भुक्तानी गरेको सम्झौतामा अध्यक्षको दस्तखत नभएको, सम्बन्धित स्थान भन्दा बाहिरको व्यक्तिलाई उपभोक्ता समितिलाई समावेश गरी उपभोक्ता समिति गठन गर्ने र असम्बन्धित लाभग्राहीलाई भुक्रानी दने परिपाटी तुरुन्त बन्द हुनुपर्ने र सो रकम मनासिव नदेखिएकोले नियमित गर्नु पर्ने देखिएको रु.........

बेरुजु रकम: १,५१,६९१.००

| योजनाको नाम | भुक्तानी रकम रु. | कैफियत |
|---|---|---|
| क) नगरपालिका पश्चिम उत्तर जाने बाटो ग्राभेल | ३०,०००।- | |
| ख) इलाका प्रहरी कार्यालय उत्तरबाट पश्चिम जाने बाटो ग्राभेल | २१,६९१।- | |
| ग) ड्याम देखि निपल चौतारा सम्म बाटो ग्राभेल गर्ने | ५०,०००।- | |
| घ) पेट्टी टोल सडक ग्राभेल गर्ने | ५०,०००।- | |

**७१.** **फर्मामा मु.अ.कर:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई स्थानीय निकायले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई फर्मा खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विलमा समावेश नभएको फर्माको मु.मअ कर भुक्तानी भएको केही उदाहरण निम्न छन । अत मुल्य अभिवृद्धि कर भुक्तानी भएको रकम उपभोक्ताबाट असुल गरी नगरपालिका संचित कोष दाखिला गर्नुपर्ने देखिएको रु...........

बेरुजु रकम: ४९,७८३।००

| सि.न | योजनाको नाम | परिमाण | मु अ. क.रु. | जम्मा |
|---|---|---|---|---|
| १ | मदरसा असरफिया गरिब नवाज छत ढलान | १३०८ sft | ४.७६ | ६२२६।०० |
| २ | मा.बि हरैयाको कम्पाउण्ड वाल निमार्ण | ७२.८२ sqm | ५१.२८ | ३७३४।०० |
| ३ | हरिपुर १ जानकीनगर आ.सि.सि. कार्य | ७७६.५८ sqm | ५१.२८ | ३९८२३।०० |
| | जम्मा | | | ४९७८३।०० |

**७२.** **लागत अनुमान:** सावजनिक खरिद नियमावली २०६४ को नियम १०(१) मा निमार्णकार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही अनुसुची १ को ढाचाँमा तयार गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले निमार्ण कार्यको लागत अनुमान तयार गर्दा दर बिश्लेषणमा नै कुनै योजनामा कही म मु अ.कर  समावेश गरेको कुनै योजनामा नगरेकोले फरक फरक तरीकाबाट लागत अनुमना तयार गरेको देखिन आएको मनासिव देखिएन । यसले गर्दा निमार्ण कार्यमा वास्तविक लागत रकम नै भुक्तानी भएको भन्न सकिने आधार देखिएन । अत नगरपालिका कार्यालयले निमार्ण कार्यको लागत अनुमान तयार गर्दा नियमावलीमा भएको ब्यवस्था अनुसार लागत अनुमान तयार गर्न ध्यान दिनु पर्ने देखिन्छ ।

**७३.** **बढी मुल्य अभिवृद्धि कर भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिलाई खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विलमा समावेश भएको भन्दा वढि भुक्तानी भएको केही उदाहरण निम्न छन । अत मुल्य अभिवृद्धि कर बढी भुक्तानी भएको रकम उपभोक्ताबाट असुल गरी नगरपालिका संचित कोष दाखिला गर्नुपर्ने देखिएको रु...........

बेरुजु रकम: १,४४,२४७.००

| गो भ न. | योजनाको नाम | भुक्तानी भएको मु अ.कर | बिजक पेश भएको रु | बाकी |
|---|---|---|---|---|
| ६२।२०७५।१०।२९ | रुदकी घरदेखि गुलीको घर सम्म ढलान | ६८७८८ | ४५८३२ | २२९५६ |
| ६५।२०७५।१२।३ | बसरीको घरदेखि नथुनीको घर सम्म ढलान | ३७७३२ | १७३७३ | २०३४९ |
| ६९॥२०७५।१२।३ | महामदको दाकान देखि गोनारको घर सम्म ढलान | ३४३८० | २५११४ | ९२६६ |
| १०५।२०७५।१२।२२ | बिराको घरदेखि रेयाजुलको घर सम्म ढलान | ३५७४० | ००।०० | ३५७४० |

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ११२।२०७५।१२।२२ | मस्जीदको छत ढलानमा फर्माको मुअकर समावेश | ३३७३९ | ००।०० | ३३७३९ |
| १८८।२०७६।३।५ | हरिपुर नाला निमार्ण | ५६८३९ | ३४६४२ | २२१९७ |
| | **जम्मा** | | | **१४४२४७** |

७४. **रोयल्टी बिल पेश नभएको:** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३)मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समितिको बिलको रकम भुक्तानी गर्दा प्रबिधिक बिलमा रोयल्टी भनी मुल्याङ्कन गरेको तर रोयल्टी तिरेको बिल बिजक पेश नगरी भुक्तानी दिएका केही उदाहरण निम्न छन । अत रोयल्टी वापत भुक्तानी गरेको रकम उपभोक्ता समिलिले तिरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल गरी नगरपालिका संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु.... ३४,९३४।००

| गो भौ ने | योजनाको नाम | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १२६।२०७६।१।२९ | बढु ठाकुरको घरदेखि दसराजियाघर सम्म ढलान | ५४ | ७२ | ३८८९ |
| १५६।२०७६।२।२४ | सत्यनारायणको घरदेखि चन्दर रायको घर सम्म ढलान | ५८.९५ | ७२ | ९४३२ |
| १६४।२०७६।२।२९ | जानकीनगर कालोपत्रे | ५७.३४ | ७२ | ४१२८ |
| १६५।२०७६।२।२९ | हिदिङ्गटोल सल्याब ढलान | ५४.१२ | ७२ | ३८९६ |
| १८८।२०७६।३।५ | हरिपुर नाला निमार्ण | ६७.६४ | ७२ | ४८७० |
| ११२।२०७५।१२।२२ | मस्जीदको छत ढलानमा फर्माको मुअकर समावेश | ४१.४७ | ७२ | २९८५ |
| १०५।२०७५।१२।२२ | बिराको घरदेखि रेयाजुलको घर सम्म ढलान | ४५.९० | ७२ | ३३०४ |
| १३८।२०७६।२।५ | नारायण सिह.को घरदेखि ढलान | ३३.७५ | ७२ | २४३० |
| | जम्मा | | | ३४९३४ |

७५. **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ७४ मा कार्यालय प्रमुखले सम्बन्धीत कामको लागि आवश्यक पर्ने रकम भन्दा बढी नहुने गरी प्रयोजन खुलाई पेश्की दिन सक्ने र नियममा तोकिएको म्याद भित्र यसै नियमावलीको कार्यविधि अपनाई पेश्की फछ्र्यौट गर्नु गराउनु पर्ने कर्तव्य हुने उल्लेख छ । यस नगरपालिका कार्यालयले महाबिर जनता बहुमुखी क्याम्पासलाई एकमुष्ट पेश्की अनुदान भनी रु १२,००,०००।०० कार्यक्रम, उद्देश्य बेगर भुक्तानी दिएको रकम पेश्की फछ्र्यौट गरेको देखिएन । अत यसरी भुक्तानी दिने ब्यवस्थामा नियन्त्रण हुनु पर्ने र खर्च पुष्टि हुने विल भरपाई गरि प्रमाण पेश हुनुपर्ने रु...... १२,००,०००।००

७६. **बिजक वेगरको भुक्तानी:** १५७,२०७६।२।२४ जगदम्बा कन्स्ट्रक्शनले कमल गोलेको घरसम्म मेशिनदारा प्रतिघनमिटर १०० का दरले रु.३,००,०००।०० माटो कटिङ्गको भुक्तानी लिएकोमा बिल बिजक जारी गरेको देखिएन । अत बिजक जारी गरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल गर्नु पर्ने देखिन्छ । ३,००,०००।००

७७. **मदरसा असरफिया नवाजको छत ढलान:** १७६।२०७६।३।१ मदरसा असरफिया नवाजको छत ढलान गर्ने कार्यको लागी नगरपालिका कार्यालयले रु.५,००,०००।०० निकासा दिएकोमा उक्त रकम मदरासाको संचालनको लागी प्रयोग नगरी ब्यापारीक सटर निमार्ण गरेको बुझिन आएको छ । यसरी सरकारी अनुदान कार्यक्रम जुन उद्देश्यको लागी बिनियोजन भएको हो त्यसै ठाउँमा प्रयोग भए नभएको अवस्थामा सुधार गर्नु पर्ने देखिन्छ ।

७८. **लागत अनुमानमा मु.अ.कर:** (एन.सि.बी. न.२) हरिपुर लक्ष्मी नगरमा आ.सि.सि. ड्रेन कार्यको लागत अनुमान तयार गर्दा सिमेन्टमा मु.अ.कर समावेश गरी ओभरहेड समेत समावेश गरेकोमा लागत अनुमानमा नै बढी रकम समावेश हुन गएकोले उक्त बढी हुन गएको पि.सि.सी.१.२.४ मा १५३।९१ घनमिटरको ६.४ बोराका दरले ९५० बोराको प्रतिबोरा ८७५को मुअ. कर हुन आउने रु ११३।७५ ले जम्मा १०८०६२।५० मा ओभरहेड १५ प्रतितशत थप गरी १२४२७१।८७ र पी. सि. सि.१.३.६ को ५०।६७ घनमिटरको ४.४ बोराका दरले २२२ बोराको मु.अ.कर ११३।७५ का दरले हुन आउने रु२५,२५२।५० मा ओभरहेड १५ प्रतिशत समेत थप गरी रु.२९,०४०।३० दुबै आइटमको गरी जम्मा रु.१,५३,३१२।२४ निर्माण ब्यावसायी नारायण कन्स्ट्रक्शन जनकपुरलाई बढी भुक्तानी हुन गएको देखिएकोले असुल गरी नगरपालिका संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु............. १,५३,३१२।२४

७९. **लागत अनुमानमा मु.अ.कर:** (एन.सि.बी.बीन.४) क्याम्पास चोक हातिसार सडकमा आ.सि.सि. ड्रेन कार्यको लागत अनुमान तयार गर्दा सिमेन्टमा मु. अ. कर. समावेश गरी ओभरहेड समेत समावेश

<table>
<tr><th>दफा नं</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>गरेकोमा लागत अनुमानमा नै बढी रकम समावेश हुन गएकोले उक्त बढी हुन गएको पि.सि.सी.१.२.४ मा ८०।१३ घनमिटरको ६.४ बोराका दरले ५१२।८३ बोराको प्रतिबोरा ८७५ को मु.अ.कर हुन आउने रु.११३।७५ को जम्मा रु.५८३३४।६४ मा ओभरहेड १५ प्रतिशत थप गरी रु.६५९१८।१४ र पी. सि. सि.१.३.६ को २५।८८ घनमिटरको ४.४ बोराका दरले ११३.८७ बोराको मुअ.कर ११३।७५ का दरले हुन आउने रु.१२,९५२।९४ मा ओभरहेड १५ प्रतिशत समेत थप गरी रु.१४,८९५।८८ दुबै आइटमको गरी जम्मा रु.८०,८१४।०२ निर्माण व्यवसायी सन्तोष एण्ड अबिशेक कन्स्ट्रक्शन सर्लाहीलाई बढी भुक्तानी हुन गएको देखिएकोले असुल गरी नगरपालिका संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु..................</td><td>८०,८१४।०२</td></tr>
<tr><td>८०.</td><td>लागत अनुमानमा मु.अ.कर: (एन.सि.बी.बीन. ३) हरैया मुख्य सडकमाा आ.सि.सि. ड्रेन कार्यको लागत अनुमान तयार गर्दा सिमेन्टमा मु.अ.कर समावेश गरी ओभरहेड समेत समावेश गरेकोमा लागत अनुमानमा नै बढी रकम समावेश हुन गएकोले उक्त बढी हुन गएको पि.सि.सी.१.२.४ मा ८६।२५ घनमिटरको ६.४ बोराका दरले ५५२ बोराको प्रतिबोरा ८७५को मुअ. कर हुन आउने रु ११३।७५ को जम्मा रु ६२७९० मा ओभरहेड १५ प्रतितशत थप गरी रु.७२,२०८।५० र पी. सि. सि.१.३.६ मा ३१.८७ को घनमिटरको ४.४ बोराका दरले १४० बोराको मु.अ.कर ११३।७५ का दरले हुन आउने रु.१५९२५।०० मा ओभरहेड १५ प्रतिशत समेत थप गरी रु १८३१३।७५ दुबै आइटमको गरी जम्मा रु.९०,५२२।२५ निर्माण व्यवसायी लक्ष्मी नारायण महादेव निर्माण सेवा हरीपुर ६ लाई बढी भुक्तानी हुन गएको देखिएकोले असुल गरी नगरपालिका संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु.............</td><td>९०,५२२।२५</td></tr>
<tr><td>८१.</td><td>लागत अनुमानमा मु.अ.कर: जानकी नगर कालो पत्रे सडकमा आ.सि.सि. ड्रेन कार्यको लागत अनुमान तयार गर्दा सिमेन्टमा मु. अ. कर. समावेश गरेकोमा लागत अनुमानमा नै बढी रकम समावेश हुन गएकोले उक्त बढी हुन गएको पि.सि.सी १.२.४ मा ७८।९९ घनमिटरको ६.४ बोराका दरले ५०५ बोराको प्रतिबोरा ८७५को मुअ. कर हुन आउने रु.११३।७५ को जम्मा रु.५७५०४।७२ र पी. सि. सि.१.३.६ मा १३।६५ घनमिटरको ४.४ बोराका दरले ६०.१९ बोराको मु.अ.कर ११३।७५का दरले हुन आउने रु.६८४६।६१ मा दुबै आइटमको गरी जम्मा रु.६४३५१।३३ उपभोक्ता समितिलाई बढी भुक्तानी हुन गएको देखिएकोले असुल गरी नगरपालिका संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु..........</td><td>६४,३५१।३३</td></tr>
<tr><td>८२.</td><td>स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम: ९-०७६।३।१७: सौर्य वति जडान वापत Emperical Engineering Consultancy प्रा.लि. सुन्धारा काठमाण्डौबाट लागत अनुमान तयार गराई ५० सेट सौर्य, प्यानल, चार्जर कन्ट्रोलर, पोल, व्याट्री र सो मा लाग्ने Accosseries वापत उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उपभोक्ता समितिको गठन अभिलेख, स्पेशिफिकेशन, प्राप्ति पछिको निरीक्षण, जडानको स्थान पहिले नै यकिन गरी खरिद गर्नु पर्नेमा सो नगरेको र उपभोक्ता समिति मार्फत खरिद गर्न लगाई रकम खर्च गरेको देहाय अनुसारको भुक्तानी नियमित नदेखिएको रु............
<table>
<tr><th>भौ.नं.र मिति</th><th>भुक्तानी पाउनेका नाम</th><th>सेट</th><th>रकम</th></tr>
<tr><td>९-०७६।३।१७</td><td>सहारा नेपाल सोलार प्रा.लि. (६०२४९२१९९)</td><td>२३</td><td>१७०४,२२५।-</td></tr>
<tr><td>१७-०७६।३।३१</td><td>,, ,, ,,</td><td>२७</td><td>३२,९५,७७५।-</td></tr>
</table></td><td>५०,००,०००.०</td></tr>
<tr><td>८३.</td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार वार्षिक योजना तयार गर्दा प्राथमिकतामा परेका, आर्थिक, सामाजिक, साँस्कृतिक हिसावले उपयुक्त योजना मात्र संचालन गर्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यो वर्ष संचालन गरेको मध्ये जम्मा देहायका ७ वटा योजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन रहेको र ती आयोजना हाल संचालनमा नरहेको अवस्था छ ।
<table>
<tr><th>सि.नं</th><th>योजनाको नाम</th><th>कि.मि</th></tr>
<tr><td>१</td><td>लालबन्दी बोडर देखि चिताइन रोड कालो पत्रे</td><td>१.१५२</td></tr>
<tr><td>२</td><td>जनता मा.वि हरैया रोड कालो पत्रे (पिडारी देखि हरैया सम्म)</td><td>१.४६</td></tr>
<tr><td>३</td><td>जगतपुर हाइवे जगतपुर स्कुल कालो पत्रे</td><td>०.६६</td></tr>
<tr><td>४</td><td>सानो जगतपुर रोड कालो पत्रे</td><td>०.८२६</td></tr>
<tr><td>५</td><td>फरदवा मेन रोड कालो पत्रे</td><td>१.००६</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ६ | जानकीनगर रोड कालो पत्रे | |
| ७ | लक्ष्मीपुर देखि रैन चौक र लक्ष्मीपुर देखि मजुरवा कालो पत्रे | २.०५९ |

८४. **मूल्य अभिवृद्धि कर:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्तालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्ने अवस्था देखिदैन । त्यस्तो व्यवस्था हुँदा हुँदै उपभोक्तालाई मुल्य अभिवृद्धि कर वापतको रकम भुक्तानी दिएको छ । उपभोक्ता समितिले मूल्य अभिवृद्धि कर योग्य सामानमा मूल्य अभिवृद्धिको रकम भुक्तानी गरेको अवस्थामा मूल्य अभिवृद्धि करको जिकलिई सो अनुसार मात्र भुक्तानी गर्नु पर्नेमा देहाय अनुसार उपभोक्ताले पेश गरेको विजक भन्दा बढी मूल्य अभिवृद्धि कर भुक्तानी गरेको देखिन्छ ।

आ.ब. २०७५/०७६ को योजनाहरुको बिवरण

| क्र.स | योजनाको नाम | स्थान | बजेट रकम | ल.ई रकम | निर्माण समाग्रीमा भ्याट | | | | | | उ.स.ले पेश गरेको मु.अ.कर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सिमेन्ट | ईटा | रड | काठ | ह्युम पाईप | जम्मा | |
